ehetaudasandesh.com

हेटौंडा राष्ट्रिय दैनिक

२५ औं वर्ष

# सन्देश

प्रदेश "क" वर्ग

Hetauda Sandesh Daily

वर्षः २५ ॥ अंकः ३४१ ॥ सोमबार १८ जेठ २०८३ ॥ प्रतिप्रदा ॥ ने.सं. ११४६ ॥ अनलाथ्व ॥ Monday 1 June 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/-

## हेटौंडा ११ मा र्‍याली



सन्देश संवाददाता

हेटौंडा/५४ औं विश्व वातावरण दिवसको पुर्वसन्ध्यामा हेटौंडा-११ मा र्‍यालीसहितको कार्यक्रम गरिएको छ। हेटौंडा-११ थानाभर्याङको यातायात कार्यालय बाट शुरु भएर नवलपुर पार्टी प्यालेसमा पुगि सभामा परिणत भएको कार्यक्रममा हेटौंडा-११ को १५ वटा टोल बिबकास संस्थाले भाग लिएका थिए।

कार्यक्रममा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने टोविस तथा पत्रकारद्वय गोविन्दप्रसाद न्यौपाने, चन्द्र बिष्टलगायतलाई सम्मान गरिएको थियो। टोविस वडा समन्वय समिति हेटौंडा-११ को आयोजना र वडा कार्यालयको समन्वयमा भएको कार्यक्रमको सभाध्यक्ष वडासमन्वय समितिका अध्यक्ष यज्ञबहादुर आचार्य र वडाध्यक्ष जुना दाहालको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा बिशिस्ट अतिथिका रुपमा नगर समन्वय समितिका अध्यक्ष धुर्व अधिकारीलगायतको उपस्थिति रहेको थियो।

## रंगशालालाई अन्तर्राष्ट्रिय-स्तरको बनाउनु पर्छः बानियां



सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले हेटौंडा उपमहागरपालिका-६ मा रहेको गौरिटार रंगशालालाई अन्तर्राष्ट्रियस्तरको आधुनिक खेलकुद केन्द्रका रूपमा विकास गरिनु पर्नेमा जोड दिएका छन्।

आइतबार गौरिटार रंगशालामा निर्माण गरिएको क्रिकेट मैदानको उद्घाटन गर्दै उनले प्रदेश सरकारले आगामी बजेटमार्फत् आवश्यक स्रोत व्यवस्थापन गरी रंगशालाको पूर्वाधार विस्तार तथा स्तरोन्नतिलाई तीव्रता दिने प्रतिबद्धता व्यक्त गरे।

बागमती प्रदेश सरकारको लगानीमा निर्माण सम्पन्न भएको क्रिकेट मैदानको शिलालेख अनावरण गर्दै उद्घाटन गरेका मुख्यमन्त्री बानियांले गौरिटार रंगशालालाई प्रदेशको गौरवको आयोजनाका रूपमा धेरै पहिलेदेखि अघि सारिर्दै आएको बताए। उनले क्रिकेट मैदानसंगै प्यारापिट, हेल्थ डेक्स, सिन्थेटिक ट्र्याकलगायतका पूर्वाधार निर्माण गरी रंगशालालाई बहुउद्देश्यीय खेलकुद केन्द्रका रूपमा विकास गरिने जानकारी गराए।

उनले प्रदेशको खेलकुद विकासका लागि नेपाल क्रिकेट संघ (क्यान) लगायत सरोकारवाला निकायसंग समन्वय गरेर राष्ट्रिय तथा अन्तरप्रदेशस्तरीय प्रतियोगिता आयोजना गर्न सकिने वातावरण तयार पारिने बताए। खेलाडीहरूको भविष्य सुरक्षित गर्न प्रदेश सरकारले 'बागमती प्रदेशको सान, खेलाडीको सम्मान' अभियान अघि सारेको उल्लेख गर्दै योगदान पुर्‍याएका खेलाडीलाई खेल जीवनपछि पनि सम्मान र भत्ताको व्यवस्था गरिने उनले जानकारी गराए।

कार्यक्रममा नेपाल क्रिकेट संघ (क्यान) का सचिव पारस खड्काले गौरिटार क्रिकेट मैदान बागमती प्रदेशको क्रिकेट विकासको केन्द्र बन्ने विश्वास व्यक्त गरे। उनले क्रिकेट खेलाडीहरूले अब आफ्नै सुविधा सम्पन्न मैदान पाएको उल्लेख गर्दै यसबाट प्रदेशमा थप प्रतिभावान खेलाडी उत्पादन हुने अपेक्षा व्यक्त गरे।

प्रदेश खेलकुद विकास परिषद् बागमती प्रदेशका सदस्य सचिव दीपक लामाका अनुसार गौरिटार क्रिकेट मैदान अन्तर्राष्ट्रिय मापदण्डअनुसार पांच वटा पिचसहित निर्माण गरिएको छ। दुई वर्षअघि सुरु भएको निर्माण कार्यमा ११ करोड ७४ लाख रुपैयां खर्च भएको छ। मैदानमा आधुनिक भूमिगत ड्रेनेज प्रणाली, बर्मुडा दुबो, ६०० दर्शक क्षमताको प्यारापिट, भीभीआईपी कक्ष, खेलाडी चेन्जिङ रुम, मिडिया तथा प्रसारण कक्षलगायतका संरचनाहरु निर्माण भइसकेको जनाएको छ।

प्रदेश सरकारले गौरिटार रंगशालालाई आगामी दिनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल प्रतियोगिता आयोजना गर्न सक्ने उच्चस्तरको खेलकुद पूर्वाधारका रूपमा विकास गर्ने लक्ष्य लिएको जनाएको छ।

## बागमतीले बजेटमा आकार र खर्च घटाउदै

सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट निर्माणका लागि मन्त्रालयहरुलाई बजेटको सिलिङ तोकेको छ।

प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले आगामी वर्षका लागि कुल ४९ अर्ब रुपैयाँ बराबरको बजेट सिलिङ (सीमा) निर्धारण गर्दै मन्त्रालयहरूलाई योजना छनोट गर्न पत्राचार गरेको छ। चालु आर्थिक वर्षमा ६७ अर्ब रुपैयांको बजेट ल्याएको सरकारले आगामी आर्थिक वर्षका लागि बजेटको आकार र खर्च घटाउने तयारी गरेको हो।

मन्त्रालयले चैत पहिलो सातामै बजेट सिलिङ पाउनुपर्ने आयोजना छनोट निर्देशिकाको व्यवस्था भए पनि विभिन्न प्राविधिक कारणले जेठ पहिलो सातामा सिलिङ वितरण गरेको हो। आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङका अनुसार सरकारले गत साता नै सबै मन्त्रालयलाई सिलिङ पठाइएको छ। पहिलो चरणको सिलिङ गत वर्षको तुलनामा कम रहेको उनले बताए।

सरकारले आगामी साउनदेखि मन्त्रालयको संख्या १४ बाट घटाएर ८ मा झार्ने निर्णय गरे पनि हाल कायम रहेका १४ वटै मन्त्रालयलाई बजेट सिलिङ वितरण गरेको छ। साउनदेखि बजेट कार्यान्वयनको चरणमा जांदा ती कार्यक्रमलाई नयां संरचनाअनुसार मर्जर गर्ने गरी साविककै मन्त्रालयलाई बजेटको सीमा पठाइएको आर्थिक मामिला तथा योजना मन्त्री तामाङले वताए। साउनबाट बजेट कार्यान्वयन गर्ने क्रममा बजेट र कार्यक्रम पनि मर्जर गर्नेगरी सिलिङ वितरण गरिएको उनले बताए।

प्रदेश सरकारले गत वैशाखमा ८ वटा मन्त्रालय कायम गर्ने निर्णय गरेको थियो। निर्णयअनुसार प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, आन्तरिक मालिमा कानुन तथा सहकारी, आर्थिक मामिला तथा योजना, भौतिक पूर्वाधार विकास, खानेपानी ऊर्जा तथा सिंचाइ, उद्योग पर्यटन तथा यातायात, स्वास्थ्य तथा सामाजिक, कृषि वन तथा पशुपन्छी विकास मन्त्रालय कामय रहनेछन्। सोहीअनुसार बजेट कार्यक्रम पनि मर्जर गरेर कार्यान्वयनमा अघि बढ्ने सरकारको योजना छ।

सरकारले प्रदेश मातहतको कार्यालयहरुको पनि पुनर्गठनको तयारी गरेको छ। प्रदेश सरकारले हाल सबै कार्यालयहरूलाई सिलिङ दिएर बजेट कार्यक्रम ल्याउने र पछि मर्जर गर्ने तयारी गरेको छ। प्रशासनिक सहजता, कर्मचारी व्यवस्थापन र चालु योजनाको निरन्तरताका लागि तत्काललाई पुरानै संरचना अनुसार बजेट विनियोजन गरिएको आर्थिक मामिला मन्त्रालयका एक कर्मचारीले बताए।

अर्थले वितरण गरेको बजेट सिलिङ अनुसार भौतिक पूर्वाधार विकास मन्त्रालयले सबैभन्दा ठूलो हिस्सा ओगटेको छ। मन्त्रालयका एक कर्मचारीका अनुसार सडक, पुल र भवन निर्माणजस्ता ठूला आयोजनाका कारण भौतिक मन्त्रालयलाई ९ अर्ब ६४ करोड रुपैयांको सिलिङ दिइएको छ। दोस्रोमा खानेपानी, उर्जा तथा सिंचाइ मन्त्रालयले ४ अर्ब ४५ करोड रुपैयां प्राप्त गरेको छ। सबैभन्दा कम बजेट सिलिङ सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई १२ करोड रुपैयां मात्र तोकिएको छ।

सरकारले आगामी आर्थिक वर्षको बजेटमा चालु तर्फको खर्च कटौतीको तयारी गरेको आर्थिक मामिला तथा योजना मन्त्री तामाङले बताए। मन्त्री तामाङका अनुसार हाल ५० अर्बको हाराहरीमा बजेटको प्रारम्भिक अनुमान गरिए पनि असार अन्तिम सातासम्मको खर्च र स्रोतको अवस्था हेरेर केही अर्ब बजेट बढ्न सक्ने उनले जानकारी गराए।

### विश्व वातावरण दिवस सप्ताहब्यापी कार्यक्रम

## "भान्सा नै औषधालय" सचेतना

सन्देश संवाददाता

हेटौंडा/विश्व वातावरण दिवस-२०८३ को अवसरमा "भान्सा नै औषधालय" सम्बन्धि सचेतनामुलक कार्यक्रम हेटौंडा उपमहानगरपालिका-४ मा सम्पन्न भएको छ।

हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ को आयोजनामा तथा टोल विकास संस्था नगर समन्वय समिति, हेटौंडा उपमहानगरपालिकाको समन्वयमा आयोजित कार्यक्रममा टोल विकास संस्था नगर समन्वय समितिका अध्यक्ष ध्रुव अधिकारीको अध्यक्षता तथा हेटौंडा उपमहानगर पालिका वडा नं. ४ का वडा अध्यक्ष नवीन सिग्देलको प्रमुख आतिथ्यता रहेको थियो।



कार्यक्रममा "भान्सा नै औषधालय" अभियानका प्रवर्द्धक राष्ट्रिय प्रशिक्षक रोमलाल गिरीले दैनिक जीवनमा प्रयोग हुने खाद्य सामग्री, जडीबुटी तथा प्राकृतिक खानपानको महत्वबारे प्रशिक्षण तथा सहजीकरण गरेका थिए। प्रशिक्षक गिरीले आधुनिक जीवनशैलीका कारण बढ्दै गइरहेका नसर्ने रोगहरूलाई नियन्त्रण गर्न स्वस्थ खानपान, स्थानीय उत्पादनको प्रयोग र प्राकृतिक जीवनशैली आवश्यक रहेको बताए। भान्सामा प्रयोग हुने बेसार, अदुवा, लसुन, तुलसी, मेथीलगायतका सामग्रीहरू औषधीय गुणले भरिपूर्ण रहेको उल्लेख गर्दै उनले हाम्रौ दैनिक जिवनमा "भान्सा नै पहिलो औषधालय" बनाउनु पर्नेमा जोड दिए।

कार्यक्रमका प्रमुख अतिथि वडा अध्यक्ष सिग्देलले स्वस्थ नागरिक निर्माणका लागि यस्ता जनचेतना मूलक कार्यक्रम अत्यन्त प्रभावकारी हुने बताए। अध्यक्ष सिग्देलले वातावरण संरक्षण र नागरिक स्वास्थ्य एकअर्कासिंग प्रत्यक्षरूपमा जोडिएको विषय भएको उल्लेख गर्दै स्वस्थ खानपान, सरसफाइ र हरियाली प्रवर्द्धनलाई स्थानीय तहले प्राथमिकताका साथ अगाडि बढाइरहेको जानकारी गराए। यस्ता कार्यक्रमले समुदायमा सकारात्मक व्यवहार परिवर्तन ल्याउन सहयोग पुग्ने विश्वास व्यक्त गर्दै उनले सहभागी सबैलाई सिकेका कुराहरू व्यवहारमा लागू गर्न आग्रहसमेत गरेका थिए।

कार्यक्रमका सभाध्यक्ष तथा टोल विकास संस्था नगर समन्वय समितिका अध्यक्ष अधिकारीले विश्व वातावरण दिवसलाई केवल औपचारिक कार्यक्रममा सीमित नराखी व्यवहारिक परिवर्तनसंग जोड्न आवश्यक रहेको बताए। उनले वातावरण संरक्षण, सरसफाइ, हरियाली प्रवर्द्धन र स्वस्थ जीवनशैली निर्माणमा टोल विकास संस्थाहरूको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै उनले भने "स्वस्थ भान्सा, स्वस्थ परिवार र स्वस्थ समाज निर्माणको आधार हो।"

कार्यक्रममा हेटौंडा उपमहानगर पालिका वडा नं. ४ सहित नगर भित्रका विभिन्न वडाका टोल विकास संस्थाका पदाधिकारी, सामाजिक अभियन्ता, गरी चारसय जनाभन्दा बढीको उल्लेखनीय सहभागिता थियो। सहभागीहरूले कार्यक्रमबाट प्राप्त ज्ञान तथा अनुभवलाई आफ्नो दैनिक जीवनमा प्रयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। आयोजकका अनुसार विश्व वातावरण दिवस २०८३ को अवसरमा वातावरण संरक्षण, सरसफाइ तथा स्वस्थ जीवनशैली प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन भइरहेका छन्

## बालबालिकाका लागि सुरक्षित समाज निर्माणमा सहकार्य

सन्देश संवाददाता

गण्डकी/बालबालिकाका लागि सुरक्षित समाज निर्माणमा सम्बद्ध सबैको सहकार्य र समन्वय आवश्यक रहेकामा कार्यक्रमका सहभागिहरुले जोड दिएका छन्।

भ्वाइस अफ चिल्ड्रेनको आयोजनामा आईतवार पोखरामा आयोजित 'बालअधिकार प्रवर्द्धन तथा अनलाइन बाल यौनदुर्व्यवहार रोकथाममा सञ्चारकर्मीको भूमिका' विषयक अन्तरक्रियामा बालबालिकाका लागि सुरक्षित समाज निर्माणमा सरोकार भएका सबैको साथ र सहयोगको आवश्यकता औंल्याइएको हो।

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियानको सहकार्यमा भएको कार्यक्रममा वक्ताहरूले प्रविधिले बनाएको सहजतासँगै त्यस्तै किसिमका चुनौतीहरू थपेको बताउँदै बालबालिकाका लागि सुरक्षित समाज निर्माणमा सचेतना आवश्यक भएको बताउनुभयो।

भ्वाइस अफ चिल्ड्रेनका उपनिर्देशक राजु घिमिरेले विश्वमा इन्टरनेटको तीव्र विकाससँगै नेपालमा अनलाइनको माध्यमबाट बालबालिका बढी मात्रामा यौनदुर्व्यवहार, शोषण र हिंसामा परेका घटना सार्वजनिक भइरहेका बताए। "डिजिटल वातावारणको सम्बन्धमा सामान्य टिप्पणी नं २५ अनुसार प्रत्येक बालबालिकाको अधिकारको सम्मान र संरक्षण हुनुपर्छ भनिएको छ" उनले भने।






**उखान:** काग बाटो भयो भने गु खान्छ।

॥ ॥ बेलाको बोली ॥ ॥

आशावादी व्यक्ति कठिन परिस्थितिहरूमा पनि आशावादी रहन्छन् । त्यस परिस्थितिमा आफ्नो अवसर खोज्छन् । नकारात्मक व्यक्तिहरू हरेक समय बहाना खोजिरहन्छन् । *- अज्ञात*

हेटौंडा सन्देश

## सम्पादकीय

# सुधारउन्मुख बजेट

*अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले २०८३/८४ का लागि २१ खर्ब २४ अर्ब ३४ करोडको वार्षिक आयव्यय विवरण संसद्को संयुक्त सदनमा प्रस्तुत गरेका छन् । यसपटक (रास्वपा)को सरकारले सम्पूर्णरुपमा क्रान्तिकारी बजेट ल्याउने केही समूहको अपेक्षा भए पनि त्यो पूरा हुनसक्ने अवस्था भने थिएन । त्यसैले यो बजेट पुराना सरकारहरुले ल्याएका बजेटकै निरन्तरतामा आएको छ । यद्यपि, बिगतका केही वर्षदेखि देखापरेको अलमल चिरेर खुला र उदार आर्थिक व्यवस्थाप्रतिको पक्षमा बजेटले केही सकारात्मक पहल गरेको छ । अन्य क्षेत्रमा सरकारले देखाएजस्तो 'रोमाञ्चक दुस्साहस' यस बजेटमा भने गरेको देखिएन ।*

*प्रस्तुत बजेटमा सबैभन्दा सकारात्मक प्रभाव मध्यमवर्गलाई पारेको देखिन्छ । दस लाखसम्मको आयमा आयकर नलाग्ने प्रावधानले धेरै वेतनजीवी मध्यमवर्गलाई सहुलियत भएको छ । सरकारी कर्मचारी हरुको पनि तलब दस प्रतिशत बढेको छ र कार्य सम्पादनको आधारमा थप दस प्रतिशतसम्म प्रोत्साहन भत्ता बढ्ने प्रावधान छ । करयोग्य न्यूनतम आयको सकारात्मक वृद्धि र कर्मचारीको तलब वृद्धिले तिनको क्रयशक्ति केही बढ्ने हुनाले बजारमा यसको सामान्य सकारात्मक संकेत देखिनसक्छ । मध्यम वर्गका लागि महत्वपूर्ण मानिने क्षेत्र शिक्षा पनि हो । तर, यस वर्षको बजेटले शिक्षामा ठूलो लगानी गर्न सकेन । रास्वपाको सरकारले शिक्षालाई धेरै महत्व दिने र शिक्षकको तलबको सबैभन्दा बढी हुने प्रचार गरे पनि यस क्षेत्रमा परम्परालाई नै निरन्तरता दिइएको छ ।*

*यताउतिका नीति नियमहरु परिवर्तन गरेर केही मात्रामा राजस्व वृद्धि हुने दाबी गरिए पनि चालु आर्थिक वर्षमा पनि राजस्वको लक्ष्य पुग्ने देखिंदैन । आगामी वर्षमा पनि राजस्व अनुमानभन्दा कम हुने, आन्तरिक ऋण घोषणाभन्दा बढ्ने, वैदेशिक सहयोग कम आउने र महंगो ऋण लिएर सरकार चलाउनुपर्ने बाध्यताबाट यो बजेट पनि अछुतो रहने छैन । यतिका चुनौती हुँदाहुँदै पनि केही सुधारका संकेतहरू देखिएकाले बजेटलाई सकारात्मकरूपमा लिन सकिन्छ । यद्यपी कार्यान्वयन पक्षको चुनौतीपूर्ण अवस्थाको बारेमा त केही समय कुर्नुपर्ने हुन्छ ।*

# कक्षामा प्रतिभाको प्रष्फुटन कि नियन्त्रण ?



जीतबहादुर शाह

हरेक मुलुकको शिक्षाले बालबालिकाको अन्तरनिहित प्रतिभाको प्रस्फुटन गरी उक्त प्रतिभाको सदुपयोगको माध्यमबाट बालबालिकालाई परिवार, समाज र समग्र मुलुकका लागि सक्षम नागरिक बनाउने उद्देश्य निर्धारण गरेको हुन्छ। हाम्रो मुलुकले पनि यो कुरामा कन्जुस्याईं गरेको छैन। पाठ्यक्रम र शिक्षाका राष्ट्रिय उद्देश्यहरुमा बकाइदा पहिलो बूँदामै राखेर प्राथमिकतामा राखेको देखिन्छ । तर, जब बालबालिका जिन पियाजेको वर्गीकरणमा ठोस र अर्धठोस अवस्थाबाट गुज्रिरहेका हुन्छन्, त्यही अवस्थामै उनीहरुलाई शारीरिक क्रियाकलापहरुबाट टाढा बनाएर मानसिक क्रियाकलापहरुमा अल्झाउने काम गरिन्छ। हाम्रो शिक्षाले यहींनेरबाट बाटो बिराउन शुरु गर्छ ।

बालबालिकाको अन्तरनिहित प्रतिभाको प्रस्फुटन गर्ने काममा भोटे ताल्चा लगाएर हामीले किताबमा भएका संकेत (अक्षरहरु) चिनाउन वा घोकाउनतिर लाग्छौं । शुरुको दिन रमाउँदै विद्यालय गएका बालबालिका हप्ता दिन पुगेपछि स्कूल नजानका लागि बहाना बनाउन थाल्छन् । उनीहरुको नदुखेको पेट दुख्न थाल्छ, नदुखेको टाउको दुख्न थाल्छ। खाना पनि नखाइदिने अवस्था सिर्जना हुन्छ। किनभने खाना खायो भने विद्यालय जानुपर्छ। विद्यालय सम्झ्यो भने जान मनै लाग्दैन। किनकी विद्यालयले उनीहरुको भावनाको प्रष्फुटन होइन कि नियन्त्रण गर्ने काम गऱ्यो ।

बिसौं शताब्दीका विश्व प्रसिद्ध स्पेनिस चित्रकार पाब्लोपिकासो कलामा जति तीक्ष्ण थिए, विद्यालयको औपचारिक शिक्षा र अनुशासनमा त्यत्ति कै कमजोर र बिद्रोही थिए। उनलाई कक्षा कोठामा बस्न, अक्षरहरु चिन्न र गणितका हिसाब गर्न कत्ति पनि मन पर्दैनथ्यो। विद्यालयले नियम पालन नगरेका कारण उनलाई धेरैपटक सजाय स्वरुप एउटा खाली कोठामा थुन्ने गर्थ्यो । तर, पिकासोका लागि त्यही सजाय नै उनको चित्रकारिताका लागि उपयुक्त अवसर भएको थियो। उनले त्यही कोठामा स्केचप्याड लिएर जान्थे र दिनभरि त्यही कोठामा बसेर चित्र कोर्थे। विद्यालयले उनको अन्तरनिहित प्रतिभाको रुपमा रहेको चित्रकारितालाई जति प्रोत्साहित गर्नुपर्थ्यो गरेन र बरु हिसाव लगायत अन्य विषयहरुमा भएको कमजोरीलाई मुद्दा बनाएर सजायको काम जारी राख्यो। विश्व प्रसिद्ध वैज्ञानिक अल्बर्ट आइन्स्टाइन र थोमस अल्वा एडिसनको बाल्यकालको विद्यालयको जीवन पनि अपमानजनक नै रह्यो। उनीहरुमा भएको जीवन र जगतप्रतिको जिज्ञासा र उत्सुकतालाई विद्यालयले प्रोत्साहन गर्नुको सट्टा उनीहरुले पढाइप्रति देखाएको आलस्यका निम्ति सजाय दिने काम जारी राख्यो। विश्वप्रसिद्ध व्यक्ति र व्यक्तित्वहरुको जीवनी अध्ययन गर्दा अधिकांशले बाल्यकालको विद्यालय जीवन सुखद् देखिदैन ।

विद्यालयका शुरुवाती दिनहरु बालबालिकाका निम्ति प्रतिकूल हुनुको प्रमुख कारण भनेको विद्यालयले बालबालिकालाई चिन्न नसक्नु र उनीहरुको पृष्ठभूमि र अन्तरनिहित प्रतिभाको बारेमा बेखबर हुनु हो। बरु गर्नुपर्थ्यो के भने विद्यालयको कक्षाकोठामा उनीहरुलाई विभिन्न किसिमका खेलकूद सामग्री, चित्र सामग्री, पाठ्यसामग्री र लगायत विभिन्न वस्तुहरुको व्यवस्थापन गरेर उनीहरुकै रुचि अनुसार खेल्न र चल्न दिनुपर्थ्यो। बालबालिकाले गरेका क्रियाकलापहरुको अध्ययन गरेर उनीहरुसँग बेला-बेलामा मुस्कुराउँदै उनीहरुले गरिरहेको काम र खेलिरहेको खेलको खुलेर प्रशंसा गर्नुपर्थ्यो। त्यस्तो काम हाम्रा विद्यालयहरुले गर्न सकेनन्। यसका लागि विद्यालय र शिक्षकले मात्र नसोचेर सरकारले पनि सोच्नुपर्थ्यो ।

सरकार लाई त घाम पानी छेक्ने रित्तो कक्षाकोठा मात्र बालबालिकालाई दिन समेत हम्मेहम्मे भइरहेको अवस्था छ। रित्तो कक्षाकोठा र त्यहाँ शिक्षकको रुपमा बसेको अपरिचित र मन नपर्ने कुरा गर्ने व्यक्ति देखेपछि त बाल बालिकाका निम्ति त्योभन्दा अरु सजाय के हुन्छ ? त्यसपछि नै बालबालिका क्रमशः कक्षाप्रति र विद्यालयप्रति नकारात्मक हुन थाल्छन्। विद्यालयमा गएपछि पनि फूर्तिलो र जागरुक हुन सक्दैनन्। टोनी रबिन्सले भनेका छन्: मान्छे आफै अल्छी हुँदैन, यदि उसले लिएको लक्ष्यले उसलाई अभिप्रेरित गर्न सकेन भने मात्र ऊ अल्छी हुने गर्दछ ।' हाम्रा बालबालिकाहरु खुशी मनले रमाउँदै विद्यालय जान नसकेको कारण विद्यालयमा उनीहरुका निम्ति सम्पादन गरिने क्रियाकलापहरुले उनीहरु लाई आकर्षित गर्न नसकेकै हो ।

बालबालिकाहरु बयस्कको तुलनामा अलि बढी चञ्चल स्वभावका हुन्छन् । हामी र हाम्रा विद्यालयहरुले उनीहरुमा रहेको चञ्चल स्वभावको न्यूनीकरण गर्नका लागि शिक्षा दिने कसरत गरिरहेका हुन्छन् । धेरै चञ्चले बालबालिकालाई त विद्यालयले अनुशासनहिन भनेर ट्याग लगाउन पनि पछि पर्दैन। उनीहरुलाई तुलबुल नगरेर शान्त रहन भन्नु भनेको नब्बे वर्षको बृद्धलाई फूटवल मैदानमा लिएर फूटबल खेल्न लगाउनु जस्तै कष्टकर हुन्छ भन्ने कुरा बिर्सिनु हुँदैन । बालबालिकामा उर्जा छ त्यसकारण चञ्चल छ। बृद्धमा उर्जा छैन त्यसैले एकै ठाउँमा बस्दछ। विद्यालय र शिक्षकले उनीहरुमा भएको उर्जा र चञ्चलतालाई मर्न नदिएर बरु झन बढी सक्रिय हुने गरी सिकाइका विधि र प्रक्रियाहरु छनोट गरेर प्रयोग गर्नुपर्दछ। हामीले त्यस्तो गरेनौं। बालबालिकाको रुचि र आवश्यकतालाई पनि ख्याल गर्नतिर लागेनौं। कक्षाभरिका सबै बालबालिकालाई एउटै पाराले शिक्षण सिकाइ गऱ्यौं । बालबालिकाहरुले कक्षामै पनि समय-समयमा प्रदर्शन गर्ने प्रतिभा र क्षमतालाई जगेर्नाका गर्नका लागि समेत हामीले वेवास्ता गऱ्यौं । यो त कक्षाभरिका सबै बालबालिकालाई एउटै नापोको लुगा सिलाएर लगाउन दिएजस्तै भएन र ? के हामीले बालबालिकाहरुलाई असफल र जोक्कर बनाउन खोजेकै हो त ?

तालिम, प्रशिक्षण र भेटघाटको क्रममा विद्यालयका शिक्षक र अन्य पदाधिकारीहरुसँग उल्लिखित प्रसङ्गहरुमा छलफल गर्दा साधन र स्रोत नभएको कुरा उठ्छ। यो कुरा केही हदसम्म सही पनि हो। कुनै विद्यालय आफ्नै कारणले राम्रो भयो भने अहिले भएका तीनवटै सरकारहरुले यो हाम्रो योगदान हो भनेर चौतारी र चोकहरुमा गफ हाँकिरहेका हुन्छन्। तथापि गफ दिए जति योगदान दिएको देखिदैन। अहिलेको पाठ्यक्रमले कक्षा ४ देखि कक्षा ८ सम्म ४० प्रतिशत भार प्रयोगात्मक र परियोजना कार्यका निम्ति छुट्याएको छ । त्यस्तैगरी कम्तिमा पनि २५ प्रतिशत भार अन्य कक्षाका सबै विषयहरुमा व्यवस्था गरेको छ । तथापि यी कामहरु पाठ्यक्रमले व्यवस्था गरे अनुसार कार्यान्वयन भएका देखिदैनन्। शिक्षालाई पाठशालाबाट बाहिर निकालेर जीवनशालासम्म लैजानका लागि यस्ता प्रयोगात्मक एवं परियोजना कार्यहरुले कोसेढुङ्गाको रुपमा काम गर्न सक्थे तर चासो कसैको छैन । परियोजना कार्यका लागि जति सकिन्छ, जो कोही सरकारले पनि लगानी गरेको भए विद्यालयलाई किन परियोजना कार्य नगरेको भनेर पुच्छर अमेठ्न पनि सकिन्थ्यो । नरहे बाँस, नबजे बाँसुरी । बजेट नै बिनियोजन नभएपछि टन्टै साफ। अरुको त के कुरा, अहिलेको अति क्रियाशील सरकारको दृष्टिमा समेत यो विषयले स्थान पाउला जस्तो लाग्दैन ।

सरकारले पेट्रोलियम पदार्थको असहज आपूर्तिको कारण देखाएर विद्यालय, बैंकलगायत सरकारी कार्यालयहरुमा दुई दिन बिदा गर्ने र खुलेको दिन १ घण्टा समय बढाएर सेवाको व्यवस्थापन गर्ने निर्णय गरी कार्यान्वयन गरेको छ । विद्यालयहरुलाई भने अफिसहरुलाई झै बिहान ९ देखि बेलुका ५ सम्म सञ्चालन गर्न सम्भव भएन र पहिलेकै समय कायम गर्नु पर्दछ तर, बिदा भने अफिस र बैंकहरुमा जस्तै २ दिन नै गरियो । यसरी विद्यालयहरु समय नतन्काएर दुई दिन बिदा गरिदा सरकारले लागु गरेको पाठ्यक्रम सरकारले नै तहसनहस बनाएको छ। यसलाई व्यवस्थापन गर्ने सान्दर्भिक, उपयुक्त र प्रभावकारी उपाय के हुन्थ्यो भने दुई दिन बिदा मध्ये एकदिन वास्तविक बिदा र अर्को एक दिन परियोजना कार्य गर्नका लागि बिदा (फिल्ड भ्रमण) गर्न सकेको भए अति जाति हुन्थ्यो । शिक्षकको निम्ति उल्लिखित एक दिन बिदा परियोजना कार्य मूल्यांकन भनेर व्यवस्थापन गर्न सकिन्छ। यसका लागि बरु परियोजना कार्यका लागि भनेर बजेट बिनियोजना गर्न सके झनै राम्रो हुन्थ्यो । यसरी परियोजना कार्यलाई प्रभावकारी बनाउन सकियो भने हाम्रा पाठशालामा खुम्चिएका विद्यालयहरु जीवनशालाको रुपमा अघि बढ्ने देखिन्छ ।

हाम्रा अहिलेका पाठशालाहरुलाई प्रयोगात्मक क्रियाकलापहरु सञ्चालन गर्ने र जीवन जिउने कला सिक्ने विद्यालयहरुको रुपमा विकास गर्न सकियो भने त्यस्ता विद्यालयहरु जीवनशालामा रुपान्तरण हुन सक्छन्। जहाँ विद्यार्थीलाई कठिनाइ पऱ्यो वा समस्या बल्झियो भने समस्याको गाँठो फुकाउने काम हुन्छ। जीवनलाई सजिलो, सहज र आनन्दित बनाउने उपायहरुको उत्खनन्, उत्पादन र उपयोग गरिन्छ । यसबाट एकातिर विद्यार्थीले आफ्नो बाल्यकालको उर्जालाई उपयोग गर्ने अवसर पाउँछन् भने अर्कोतिर तिनै उर्जाको प्रयोग गर्दै जीवनमा काम लाग्ने अनगिन्ती जीवनोपयोगी सिपहरु सिकेर विद्यालयबाटै जीवनलाई उज्यालो बनाउने अवसर पाउँदै जान्छन् ।

काम समूहमा मिलेर गरिन्छ । यसरी समूहमा मिलेर काम गर्दा एकअर्कालाई सहयोग गर्ने स्वभाव र आचरणको पनि विकास हुन्छ । व्यावहारिक कठिनाइहरुको सामना गर्ने क्रममा समस्याको महसुस गर्ने र समाधानका विकल्पहरुको पहिचान र परीक्षण गर्ने क्षमताको समेत विकास हुन्छ । यसले व्यक्तिमा परिपक्वता र आत्मविश्वासको विकास हुन्छ। अन्यथा शिक्षा भनेको जहाज उडाउने बारेको सैद्धान्तिक ज्ञान सिक्ने तर प्रयोग गर्ने अवसर मिलेन भने त्यो पाइलटको अवस्था कस्तो होला आज त्यस्तै भइरहेको छ धेरै विद्यार्थीहरुको जीवन । हुँदैन, घोक्ने मात्र हुन्छ । शिक्षालाई जीवनमा प्रयोग गर्नका लागि त हाम्रा विद्यालयहरु जीवनशालामा परिणत हुनु पर्दछ ।

*साभार : नयाँ योगबोध दैनिक*

## मकवानपुरमा आज

१: जानकारीमा नआएको ।

# राजतन्त्रको बहस र गणतन्त्रको अग्निपरीक्षा



नारायण श्रेष्ठ

मुलुकले हालै १९ औं गणतन्त्र मनाएको छ। यसपटकको गणतन्त्र दिवसमा विगतको स्थापित परम्परालाई तोड्दै पहिलोपटक राष्ट्रपतिद्वारा राष्ट्रका नाममा विशेष सम्बोधन गरियो, जबकि अहिलेसम्म प्रधानमन्त्रीले सम्बोधन गर्ने अभ्यास थियो । राष्ट्रप्रमुखका रूपमा राष्ट्रपतिको यो सम्बोधनले नेपाली गणतन्त्र संस्थागत परिपक्वता तर्फ अघि बढ्दै गरेको नयाँ संकेत गरेको छ, तर व्यवस्था परिवर्तन भएको झण्डै दुई दशक पुग्न लाग्दा पनि नागरिकको जीवनस्तरमा आउनुपर्ने गुणात्मक परिवर्तन र शासकीय सदाचारको सवाल भने अझै पेचिलो बहसकै केन्द्रमा छ।

यही जेठ १९ गते नारायणहिटी दरबारभित्र तत्कालीन राजा वीरेन्द्रको सम्पूर्ण वंशविनाश भएको पनि २५ वर्ष पुग्दैछ। २०५८ जेठ १९ को त्यो क्रूर घटना नै वास्तवमा नेपालमा राजतन्त्रको अन्त्य र गणतन्त्र स्थापनाको अन्तर्निहित राजनीतिक जग थियो भन्ने विश्लेषण धेरैको छ। वीरेन्द्रको अवसानपछि उनका भाइ ज्ञानेन्द्रले केही वर्ष गद्दी सम्हाले पनि राजनीतिक महत्वाकांक्षा र ऐतिहासिक परिस्थितिका कारण टिक्न सकेनन् । अन्ततः इतिहासको कालखण्डले उनलाई 'नेपालको अन्तिम राजा' को श्रेय दियो। तर, अहिले पनि गणतन्त्र मासिएर राजतन्त्र पुनर्वहाली हुने आकलन गर्नेहरूको कमी राजनीतिक वृत्तमा छैन ।

सतहको हल्ला र गहिरो सामाजिक यथार्थ बीच आकाश-जमीनको फरक छ । इतिहासको रोचक मोड के छ भने, पञ्चायतकालका सदाबहार प्रधानमन्त्री एवं राजतन्त्रका बलिया खम्बा मानिने सूर्यबहादुर थापाका छोरा सुनीलबहादुर थापा र नाति सिद्धार्थ थापाहरू आजको दिनमा गणतन्त्र लाई संस्थागत गर्ने अभियानमा निस्फिक्री भएर लागेका छन्। यो बदलिँदो राजनीतिक चेतना र समयको पदचापलाई बुझेका नेताहरूको व्यावहारिक रूपान्तरण हो ।

त्यति मात्र होइन, अन्तिम राजा ज्ञानेन्द्र शाहका छोरा, छोरी र नातिनातिनाहरू स्वयं आज गणतन्त्रको स्वच्छन्द र खुला हावामा पूर्णरूपमा आधुनिक जीवन जिइरहेका छन् । पारस, हिमानी र उनीहरूका सन्तान पूर्णिका शाहलगायतले सामाजिक सञ्जाल, विशेष गरी टिकटकमा बनाउने भिडियोहरू नयाँ पुस्तामाझ व्यापक भाइरल हुने गरेका छन् । उनीहरूको जीवनशैली र जनसाधारणसँगको सहज घुलमिलले के स्पष्ट पार्छ भने, पूर्वराजपरिवारका सदस्यहरूले पनि बदलिएको देश र नयाँ व्यवस्थालाई पूर्णरूपमा आत्मसात गरिसकेका छन् । तर, अचम्मको कुरा, पूर्वराजपरिवार आफैंले स्वीकारि सकेको यो परिवर्तनलाई नजरअन्दाज गर्दै दलका केही शीर्ष नेताहरू भने आफ्ना अकर्मण्यता लुकाउन आज पनि 'राजतन्त्र फर्कने खतरा छ' भन्दै जनतालाई चिमोट्न र तर्साउन छाड्दैनन् ।

नयाँ व्यवस्थामा पनि आमनेपाली नागरिक पूर्णरूपमा सन्तुष्ट हुन सकेका छैनन्, यो सत्य हो। तर, यो असन्तुष्टिलाई राजावादी भनिने एकथरी तत्वहरूले व्यवस्थाकै कमजोरीका रूपमा भजाउने दुष्प्रयास गरिरहेका छन् । उनीहरू बेलाबखत सडकमा केही मानिस उरालेर 'राजा आऊ देश बचाऊ' को नारा लगाउँछन् र मुलुकलाई पुनः पश्चगमनतर्फ धकेल्ने दिवास्वप्न देख्छन्। यद्यपि, यस्ता क्षणिक नाराबाजी र प्रायोजित जुलुसले मात्र देशको मूल राजनीतिक दिशा बदलिँदैन र राजतन्त्र फर्किंदैन भन्ने कुरा स्वयं नारा लगाउनेहरूलाई पनि राम्ररी थाहा छ।

संसारको कुनै पनि व्यवस्थाले शतप्रतिशत नागरिकलाई पूर्णरूपमा सन्तुष्ट राख्न सक्दैन। लोकतान्त्रिक सुन्दरता नै यही हो कि यहाँ असन्तुष्टि र आलोचना प्रकट गर्न पाइन्छ। त्यसैले, जनताको असन्तुष्टिको अर्थ व्यवस्था नै बदल्नुपर्छ भन्ने किमार्थ होइन। राजतन्त्रको वकालत गर्नेहरूले के सोच्नुपर्छ भने, यदि २४० वर्षसम्म कायम रहेको राजतन्त्र साँच्चिकै सफल र देशलाई समृद्धिको उचाइमा पुऱ्याउने खालको हुन्थ्यो भने न त पटक-पटक जनआन्दोलनहरू हुन्थे, न त मुलुकमा गणतन्त्रको उदय नै हुने थियो ।

जनताले अब हिजोका पुराना, असफल र वंशानुगत शक्तिलाई होइन, बरु देशमा नयाँ सोच, भिजन र युवा शक्तिको नेतृत्व हेर्न चाहेका छन् । यदि नेपाली जनताले साँच्चिकै राजतन्त्र फर्काउन चाहेका भए, राजतन्त्रको एजेण्डा बोकेर हिँड्ने राष्ट्रिय प्रजातन्त्र पार्टीलाई चुनावमा भारी मत दिएर देशको पहिलो शक्ति किन बनाएनन् ? जनताले किन पुराना दलहरूको विकल्पमा राजावादी दललाई नरोजेर गणतन्त्रवादी दल रास्वपा लाई जिम्मेवारी सुम्पिए ? यसले के देखाउँछ भने जनता विकल्प त खोज्दैछन्, तर त्यो विकल्प अगाडिको यात्रा हो, पछाडिको प्रत्युत्पादक फर्काइ होइन ।

अहिलेको सचेत पुस्ता विकल्पका रूपमा राजतन्त्र होइन, बरु 'गणतन्त्रको विकल्प थप सुदृढ गणतन्त्र नै हो' भन्ने ऐतिहासिक तथ्यमा पूर्ण रूपमा सहमत भइसकेको छ। दलहरूको कार्यशैलीसँग विमति राख्ने युवा पुस्ताले बरु स्वतन्त्र र नयाँ राजनीतिक शक्तिको खोजी गर्छ, तर इतिहासले संग्रहालयमा थन्क्याइसकेको वंशानुगत प्रणालीतिर फर्कन कदापि तयार छैन। गत फागुन २१ गते सम्पन्न निर्वाचनले यही राजनीतिक चेतनालाई संस्थागत गरेको छ । निर्वाचनमा अन्य पुराना पार्टीहरूको तुलनामा सबैभन्दा ठूलो क्षति राप्रपाले बेहोर्नुले के पुष्टि गर्छ भने, मानिसहरू परिवर्तन त चाहन्छन्, तर उनीहरूले दलको विकल्प राजावादीहरूमा देखेका छैनन्। नयाँ पुस्ता पूर्ण रूपमा गणतन्त्रवादी र लोकतान्त्रिक चेतबाट सुसज्जित भइसकेको छ ।

नेपालको संविधान (२०७२) ले परिकल्पना गरेबमोजिम संघीयताको व्यावहारिक कार्यान्वयनसँगै सिंहदरबारमा केन्द्रित रहेको प्रशासनिक र राजनीतिक अधिकार गाउँगाउँमा पुग्नुलाई गणतन्त्रको सबैभन्दा ठूलो र सबल पक्ष मान्नुपर्छ। हिजोका दिनमा एउटा सानो प्रशासनिक कामका लागि काठमाडौंको केन्द्र धाउनुपर्ने बाध्यताको अन्त्य भएको छ। स्थानीय सरकारहरू नागरिकको सुख-दुःखको साथी बनेका छन्। विकेन्द्रीकृत सरकारी संरचना र तीन तहको सरकारको व्यवस्थाले गर्दा नेपालका दूरदराज र ओझेलमा परेका क्षेत्रहरूमा समेत स्थानीय आवश्यकताअनुसार विकास निर्माणका कार्यहरूले तीव्रता पाएका छन्।

वर्तमान व्यवस्थाको मूल मर्म नै नेपाली जनतालाई राज्यको केन्द्रविन्दुमा राख्नु र उनीहरूकै इच्छा र चाहनाअनुरूप शासन सञ्चालन गर्नु हो। तर, व्यवहारमा भने अझै पनि थुप्रै नीतिगत र संरचनागत जटिलताहरू बाँकी नै छन्। देश संघीय संरचनामा गइसकेपछि पनि विकास निर्माणले जुन अपेक्षित गति लिनुपर्ने थियो, त्यो अझै हुन सकिरहेको छैन। संघीय सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारबीच बलियो समन्वयको अभाव स्पष्ट देखिन्छ। कतिपय अवस्थामा तीनै तहका निकायहरूले आपसी समन्वय नगरी आफूखुसी ऐन-नियम र करका दायराहरू निर्धारण गर्दा आम नागरिक दोहोरो-तेहरो मारमा परिरहेका छन् ।

अधिकारको नाममा प्रशासनिक झन्झट बढ्नु र नीतिगत अस्पष्टता कायम रहनु गणतन्त्रका लागि सुखद् संकेत होइन। तसर्थ, राज्यका अंगहरू बीचको समन्वय र सुशासन आजको प्राथमिक आवश्यकता हो। मुलुकमा विधिको शासन कायम गरी आमनागरिकलाई छिटो, छरितो, निष्पक्ष र भ्रष्टाचारमुक्त सेवा एवं न्याय प्रदान गर्नु वर्तमान सरकारको पहिलो र अनिवार्य सर्त हो। सरकारले ल्याउने बजेट, वार्षिक नीति तथा कार्यक्रमहरू सधैं देशको समग्र आर्थिक समृद्धि र नागरिक हितलाई केन्द्रमा राखेर ल्याइनुपर्छ । तर, विडम्बनाको कुरा, संसद्मा बजेट र नीतिमाथि छलफल हुँदा सांसदहरूको व्यक्तिगत वा क्षेत्रीय मनोमानी बढ्ने गरेको पाइन्छ । केवल आफ्नो निर्वाचन क्षेत्रका लागि मात्रै बजेट लैजाने लुछाचुँडी र स्वार्थी राजनीतिक चरित्रले राष्ट्रिय हितलाई कमजोर बनाउँछ । संसद्मा प्रतिपक्षी दलहरूको भूमिका सधैं रचनात्मक, जिम्मेवार र सशक्त हुनुपर्दछ।

विनाकारण र व्यक्तिगत वा दलीय स्वार्थका लागि संसद् अवरोध गर्ने, राष्ट्रिय मुद्दाहरूमा छलफल हुन नदिने र राजनीतिक गतिरोध पैदा गर्ने प्रवृत्तिको सधैंका लागि अन्त्य हुन जरुरी छ । सरकारको विरोध गर्ने नाममा संसद्लाई नै बन्धक बनाउने परिपाटी लोकतान्त्रिक हुन सक्दैन । प्रतिपक्षले संसद्मा जनताका वास्तविक समस्या, महँगी, गरिबी र बेरोजगारीका मुद्दाहरूलाई उठान गरेर सरकार लाई सही बाटोमा हिँडाउन मार्गनिर्देश गर्न सक्नु पर्दछ।

*साभार : सौय अनलाइन*

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| **मेष** | अवसरका लागि केही त्याग गर्नुपर्ला। तत्काल लाभ नभए पनि पछिका लागि काम गर्ने समय छ। कामको चाप बढ्नेछ कमजोरी अनुभूति हुनेछ। | **बृष** | विभिन्न उपहार प्राप्त हुने समय देखिन्छ। सहयोगीहरूले राम्रो साथ दिनेछन् । रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ । |
| **मिथुन** | प्रयत्न गर्दा व्यापार बढ्नुका साथै व्यवसायमा लाभ हुनेछ । आय आर्जनका नयाँ स्रोतसमेत फेला पर्ने आम्दानी बढ्ने काम प्रारम्भ हुनेछ। | **कर्कट** | पहिलेको सफलताले महत्त्वाकांक्षा बढाउनेछ । विभिन्न अवसर पनि आउनेछन् । परिस्थितिअनुसार चल्न नसक्दा पछि परिने योग छ। |
| **सिंह** | प्रेमको बन्धन कसिनेछ भने अतिथिका रूपमा सत्कार प्राप्त हुनेछ। परिस्थिति अनुकूल रहे पनि भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ। | **कन्या** | केही कठोर निर्णय लिनुपरे पनि टाढिएका आफन्त नजिकिनेछन् । भेटघाट र खानपानमा समय व्यतीत हुनेछ नयाँ कामको प्रस्ताव आउनेछ। |
| **तुला** | स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ । पुरुषार्थ देखाएरै समाजमा स्थापित बन्न सकिनेछ । चुनौती पन्छाएर काम बनाउन सकिनेछ | **बृश्चिक** | रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुहोला । मिहिनेत गर्दा राम्रो परिणाम प्राप्त हुनेछ। दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछन । |
| **धनु** | शुभचिन्तकहरूले साथ दिनेछन् । लगनशीलताले राम्रै उपलब्धि दिला उनेछ। पढाइलेखाइमा प्रगति हुनेछ। सेवामूलक कामबाट धनलाभ हुनेछ | **मकर** | अरूलाई समय दिँदा आफू पछि परिनेछ । अर्थअभाव खट्किए पनि आवश्यक पर्दा सरसापट वा कर्जा मार्फत् धन जुटाउन सकिनेछ। |
| **कुम्भ** | प्रतिभा प्रदर्शन गर्दै बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। प्रयत्न गर्दा लक्ष्य प्राप्त हुनुका साथै दिगो लाभ हुने काम प्रारम्भ हुनेछ। | **मिन** | मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। तारिफयोग्य काम सम्पादन गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ |

## हाम्रो सम्पर्क ठेगाना

हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# जेनेरिक औषधी: खेला के र कसको हो ?

डा रामेश कोइराला

नेपालमा हरेक नयाँ सरकार, त्यसमा पनि हरेक स्वास्थ्य मन्त्रीलाई एउटा गज्जबको कुरो फुर्छ (या भनौं कुनै समूहबाट फुराउन लगाइन्छ)।

"सबै डाक्टरलाई औषधीको प्रेस्क्रिप्सन जेनेरिकमा लेख्न निर्देशन र कडाइका साथ लागू गर्ने प्रण।" यो कुरो अहिलेकालाई मात्रै हैन, धेरै पहिलेदेखिका मन्त्रीहरूको साझा हुटहुटी हो। यस हुटहुटीका पछाडि थुप्रै कारणहरू छन् नै, त्यसमा पनि मुख्यत: एकातिर डब्ल्युएचओको निर्देशन अनि अर्कातिर साँच्चै नै केही चमत्कार नै हुन्छ भन्ने सरकारको विश्वास !

साँच्चै यो खेला के हो, कसो हो, चमत्कार नै हो वा चतुरलिङ्गमको कमजोर ज्ञान: मलाई पनि यसो जान्न मन लाग्यो। नितान्त फरक क्षेत्रको भए पनि बिगतका सरकारका चमत्कारी कुराबारे चासो राखेर प्रश्न गरेको अनुभवले मलाई यो त केही हदसम्म आफ्नै विषयभित्र पर्ने कुराहरूबारे साँच्चै यो के 'गोरख धन्दा' हो र जेनेरिक प्रेस्क्रिप्सनको सुरुङको उतापट्टि सोचेजस्तै उज्यालो छ कि के छ भनेर अलिकति बताइ दिनु पर्ने लाग्यो। हुन त अहिले जमाना बदलिएकाले अलिक डर चैं लागेकै छ।

यो मास डिपार्चरको मौसममा हामीजस्ता समयको पदचाप नबुझ्ने जडहरूको चिन्ताबारे सोच्ने कसलाई फुर्सद छ र ? त्यसैले त यो 'प्रभुले जे गर्नु हुन्छ, हामी मनुष्यको भलो सोचेरै गर्नु हुन्छ' भन्ने मोडमा गएको राज्यमा बाँच्न र बस्न दिएकाले अनुगृहित हुँदै यति त भन्नै पर्छ, यो लेखमा धेरै ठाउँमा 'प्रश्नवाचक चिह्न' भए पनि मैले कसैलाई केही सोधेको हैन, झन् सरकारलाई त हुँदै हैन। म निर्दोष छु, मलाई माफ गरियोस्।

फागुन ७ गतेको चुनावी वाचापत्रमा केही नलेखिएको भए पनि बैशाख १ गते सार्वजनिक गरिएको ६ दलका घोषणापत्र समेटेर बनाई-एको १८ बुँदे 'राष्ट्रिय प्रतिबद्धता पत्रको मस्यौदा'को शिक्षा र स्वास्थ्य बारेको आठौँ बुँदाको अन्तिम वाक्यमा लेखियो: 'निजी औषधी उद्योगलाई सहुलियत प्रदान गरी औषधी उत्पादनमा मुलुकलाई आत्मनिर्भर बनाइनेछ'।

अनि फेरि केही दिनपछि चैत १३ गते ल्याइएको शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीहरूको बुँदा नं ८५को 'घ' मा सबै सरकारी अस्पताल र प्रमुख स्वास्थ्य संस्था-हरूमा सुलभ फार्मेसी संचालन गरी न्यूनतम मूल्यमा 'जेनेरिक औषधी' उपलब्ध गराउने भनेर लेखियो।

अनि स्वास्थ्य मन्त्रालयबाट बिगतमा जसरी नै 'जेनेरिक प्रेस्क्रिप्सन' हुनुपर्ने जनस्वास्थ्य सेवा ऐन, २०७५को नियमलाई फेरि लागू गर्न निर्देशन पनि दिइयो। सोही समय राजनीतिक नियुक्ति लिएका स्वास्थ्यलगायत सबै क्षेत्रका हाकिम-हरूलाई राजिनामा दिई मार्ग प्रसस्त गर्न संसद-भवनबाटै रास्वपाका सभापतिले बोलिसकेपछि सरकारसँग नजिकिन चाहने अभिलाषाले होला देशैभरका अस्पतालका हाकिमहरू बिच यो निर्देशन कडाभन्दा कडा रूपमा कार्यान्वयन गराउने होडबाजी चल्यो। दिनैपिच्छे भिन्दाभिन्दै अस्पतालका हाकिमहरूको उर्दीहरू पत्रिकामा आइरहे। अनि यसका पक्ष र विपक्ष दुवैतर्फका लेखहरू पत्र-पत्रिकामा आउनु स्वभाविक नै थियो, आए पनि।

खासमा यो हरेक दुई-तीन वर्षमा हुने पटके लहड थियो, यसपालि पनि सोही लहड चल्यो। तर यसपटकको सरकार पहिलाका जसरी पछि नहट्ने संभावना अलिक प्रबल देखिएकाले यो 'जेनेरिक प्रेस्क्रिप्सन'को नियमले हाम्रो देशमा केही वर्षभित्र के कस्ता बदलाव आउने छन् भनेर अलिकति बताई दिन मन लागेकाले यो लेख लेखियो। खासमा यो जेनेरिक प्रेस्क्रिप्सनको हुटहुटीमा WHO पर्दाअगाडिको खेलाडी हो भने पर्दापछाडीका 'Who'हरू चैं यस लेखको अन्त्य सम्ममा यहाँहरूलाई थाहा हुनेछ।

डब्लुएचओले बिगत ५० वर्षदेखि जनताको गोजीबाट औषधो-पचारमा हुने खर्च कम गर्न विभिन्न उपायहरूको पैरवी गर्ने गरेको पाइन्छ। त्यसमा ऊ (क) जेनेरिक प्रेस्क्रिप्सन, (ख) जेनेरिक सब्स्टिट्युसन र (ग) नियमनको क्षमताविस्तार गरेर तीनवटा तरिकामार्फत् गुणस्त-रीय जेनेरिक औषधी ब्राण्डेडभन्दा सस्तोमा उपलब्ध गराउन सकिन्छ भन्नेमा विश्वस्त छ। तेस्रो विश्वका धेरै देशहरूलाई WHO ले बारम्बार दवाब दिएर जेनेरिक प्रेस्क्रिप्सन अनिवार्य नै गराइसकेको पनि छ। तर त्यसपछि ती देशमा औषधी उद्योगदेखि नियमनको के कस्तो अवस्था छ र साँच्चै औषधी सस्तो भयो वा के भयो, उसलाई कुनै मतलब भएको चैं देखिन्न।

उसको दवाबले काम गरेर अलिक क्रान्तिकारी भई जेनेरिकलाई अनिवार्य भन्दै घोषणा गरेको वर्ष हामीजस्ता तन्नम देशका मन्त्रालयका दश-पन्ध्रजना हाकिम र मन्त्रीहरू लाई दुई-तीन पटकसम्म न्युयोर्क, जेनेभालगायत विश्व भ्रमणमा पठाइ पनि दिन्छ अनि अलिक मत्थर भएका वर्ष जम्मा एकपटक तीन-चार जनालाई मात्रै। यो डब्ल्युएचओको काम र दवाब हाम्राजस्ता देशहरूमा यसरी नै हुन्छ, भइरहेको पनि यही नै हो। सर मिसहरू घुम्नु भएको नै यसरी नै हो।

**सबैभन्दा पहिलो प्रश्न:**

***जेनेरिक भए हाम्रो देशमा औषधी साँच्चै सस्तो हुन्छ ?***

संसारभर कुनै पनि नयाँ औषधीमा सो औषधीको अनुसन्धान गरेर पत्ता लगाउने कम्पनीको बीस वर्षसम्म पेटेन्ट राइट हुन्छ, जसका कारण सो औषधी उसले पेटेन्ट दर्ता गराएको २० वर्षसम्म अरू कसैले जेनेरिकमा उत्पादन गर्न पाउँदैनन्। यसको उदाहरण: SILDENAFIL लाई 'भायग्रा'को नाममा फाइजरले एकाधिकार गरेको हामी सबैलाई थाहै छ।

तसर्थ नयाँ नयाँ औषधीहरू जेनेरिकमा उपलब्ध हुन नै सक्दैनन् र ती ब्राण्डेड औषधीहरू महँगा नै हुन्छन्। यता हामीले जेनेरिकमा लेखे पनि हामीबिच सोही कम्पनीको ब्राण्डमा किन्नुबाहेक उपाय हुन्न। आजकाल क्यान्सर तथा इम्युनो थेरापीजस्ता अति जटिल र विशिष्टि-कृत रोगहरूमा प्रयोग हुने नयाँ नयाँ औषधीहरू महँगा छन्, ब्राण्डमै बन्छन् र नेपालमा बनाइन्न पनि।

नेपालले 'अतिकम विकसित देश' हुनाले WTO अन्तर्गत पेटेन्टमा छुट पाएको भए पनि त्यस्ता नयाँ औषधीहरू प्राय: यता बनाइन्न। पेटेन्ट राइट सकिएका क्यान्सरका केही औषधीहरू अपेक्षाकृत सस्तो भए पनि तिनीहरू पनि नेपालमा उत्पादन हुन्नन् र प्राय सबै भारतबाट मात्र आयात गरिन्छ।

अँ, यसै वर्ष नेपालले 'म गरीबै बस्छु' भनेर विगतमा गरेको अनुनय-विनयको समय सकिए– र विकासोन्मुखमा जानै पर्नेछ र हामीले केही औषधीको पेटेन्टका लागि 'पैसो' तिर्नु परेर केही दवाई थप महँगो हुने नै छ। शायद पाँचवर्षमा मध्यम आय भएको विकसित देश बनाउने वाचा गरेको सरकारले अर्को थप तीनवर्ष 'गरीब नै बस्न देऊ' भन्ने निवेदन पठाए कम्तिमा म चैं अचम्मित हुन्न अनि केही औषधी उत्पादकहरू पनि खुसी नै होलान्। जेनेरिक प्रेस्क्रिप्सनको अनिवार्यता सबैतिर समानरूपले लागु भएको छैन।

युरोपका धेरै देशहरूमा पेटेन्ट खुला भइसकेका औषधीहरू जेने-रिकमा नै लेखिन्छ र प्राय अस्पतालमै भएका फार्मेसीले प्याकिङ गरेर बि-रामीलाई उपलब्ध गराउँदछन्। लगभग ५० वर्षअघिका सरकारी अस्पतालका डिस्पेन्सरी वा २५ वर्ष अघिको पाटन अस्पतालको फार्मेसीमा जसरी नै ठुला बट्टामा ट्याबलेट वा क्याप्सुलहरू किनिन्थे र बिरामीलाई डाक्टरको प्रेस्क्रिप्सनको आधारमा गनेर प्लास्टिकको पाउचमा हाली नाम र मात्रा लेखेर दिइने प्रचलन देखेकाहरूले प्राय युरोपेली देशहरूमा यसरी नै औषधी डिस्पेन्स गरिन्छ भनेर बुझ्न सजिलो हुन्छ।

अमेरिकामा जेनेरिकबारे एकरूपता छैन। डाक्टरले लेखेको औषधी तर अर्कै ब्राण्डको आफ्नो फार्मेसीमा भएमा कतै Mandatory Substitution Permissive Substitution को नियम छ भने कतिपयमा 'डिएडब्ल्यु' (Dispense as Written) को नियम पनि छ। दक्षिण एसियाली देशहरूमध्ये श्री लंका हामीभन्दा अलिक अगाडि छ।

त्यहाँ सरकारी अस्पतालमा जेनेरिक प्रेस्क्रिप्सन लागु भएको तर निजी अस्पताल वा क्लिनिकहरूमा नभएको अवस्था पाइन्छ। भारतमा पनि इन्डियन मेडिकल काउन्सिलको चिकित्सकको 'कोड अफ् कन्डक्ट'मा नै चिकित्सकले अनिवार्यरूपमा 'जेनेरिक प्रेस्क्रिप्सन' गर्नुपर्ने लेखिए पनि नलेखेको खण्डमा कुनै दण्ड-सजायको प्रावधान नलेखेको भनेर WHO को समय-समयको कचकचबाट बल्ल तीनवर्षअघि नेसनल मेडिकल कमिसन (NMC)को नियममा चिकित्सकीय प्रेस्क्रिप्सनमा जेनेरिक नलेखेर ब्राण्ड लेखेमा चिकित्सकको लाइसेन्स रद्द गर्नेसम्मको कार्वाहीको प्रावधान राखियो। तर, खासमा भारत भर यो नियम WHO लाई खुसी बनाउनु भन्दा पर उत्ति कडाइका साथ लागू गराइएको पाइन्न। WHO ले भविष्यमा लागु गराइ छाड्ला भनेर अहिलेदेखि नै धेरै भारतीय फार्मास्युटिकल्सहरूले हरेक औषधी दुईवटा ब्राण्डमा उत्पादन गर्न थालेका छन्।

सरकारी मापदण्डमा तैबरी तैबरी पर्ने गरी कमभन्दा कम खर्चमा उत्पादन गरी बल्कमा बेचेर नाफा कमाउनका लागि सरकारी अस्पतालमा टेण्डरबाट किनिने 'तथाकथित' जेनेरिकका लागि एउटा ब्राण्ड अनि प्रतिस्पर्धा र गुणस्तरमा ख्याति कमाएर बजारमा स्थापित हुन भिन्दै ब्राण्ड।

यसो गरे अमुक अस्पतालमा किनेको फलानो कम्पनीको तिलानो औषधीले कामै गर्दैन भन्ने अपजस पनि नआउने, बजारमा साख पनि कायम रहने अनि सरकारी अस्पताल-हरूमा जेनेरिकवाला बल्क बिक्री पनि सुरक्षित रहने। यस धन्दामा कुन चैं ब्राण्ड गुणस्तरीय होला भनेर त अब बताइरहनु नपर्ला नि ?

विकसित मुलुकहरूमा जेनेरिक औषधीहरू धेरै सस्तो हुन्छ। उदाहरणका लागि अमेरिका या जर्मनीमा त्यहाँका कम्पनीले बनाएका सिटामोल वा अमोक्सिसिलिनभन्दा भारतीय कम्पनीले बनाएको उही गुणस्तरको औषधी निकै सस्तो हुन्छ र त्यहाँ जेनेरिक प्रेस्क्रिप्सनले गर्दा डब्ल्युएचओले खोजेजस्तै नतिजा हासिल भएको छ।

तर, तेस्रो विश्वमा, त्यसमा पनि दक्षिण एसियाली देशहरूमा यो जेनेरिकको फण्डाले खास्सै सस्तो नहुँदो रहेछ। ५०० मिग्राको एकचक्की Paracetamol को नेपाली रूपैयाँमा बजारमूल्य नेपालमा डेढदेखि दुई रूपैयाँ, भारतमा डेढ रूपैयाँ र श्री लंकामा दुईदेखि सवादुई रूपैयाँ रहेछ भने ५०० मिग्राको एकचक्की Amoxycillin नामक एन्टिबायोटिकको नेपाल, भारत र श्री लंकामा क्रमस: नौ, बाह्र र नौ रूपैयाँ पर्दोरहेछ।

भारतको हकमा त्यो मूल्य राज्यले तोकिदिएको 'अधिकतम' यानेकि सिलिङ प्राइस हो, बजारमा त्योभन्दा कममा नै विभिन्न ब्राण्डका तिनै औषधीहरू पाइन्छ। यसरी नै हेर्ने हो भने जेनेरिक लागू गरेको श्रीलंकामा जेनेरिक लागू नगरिसकेको भारतमा भन्दा सबै औषधीहरु महँगा छन्।

यसपछि दोस्रो प्रश्न आउँछ: के एउटै मोलेक्युल भएका विभिन्न कम्पनीका फरक फरक ब्राण्डका औषधीबिच गुणस्तरमा फरक हुन्छ त ?

तपाईं नेपालमा पाइने विभिन्न कम्पनीका उही मोलेक्युल भएका उही मात्राका औषधीहरूको गुणस्तरमा फरक छ भन्ने मान्नु हुन्छ नि ? कि औषधी व्यवस्था विभागबाट ठिक छ भन्ने प्रमाणपत्र पाइसकेपछि ए कम्पनी र बी कम्पनीको अमूक दवाईबिच केही फरक हुन्न भन्ने ठान्नु हुन्छ ?

उसो भए खाद्य प्रयोगशाला बाट उही मात्रामा बोसोदेखि अन्य पदार्थ छ भनेका डिडिसी र अर्को कुनै निजीबाट उत्पादित दुधमा डिडिसीको उत्पादनको गुणस्तर तपाईंलाई धेर किन लाग्छ ? या एन्टिबायोटिक वा मुटु वा डाय-बेटिजका औषधी त छाड्नूस्, तपाईं नै नेपाल औषधी लिमिटेडको सिटामोल अरू कम्पनीका पारासि-टामोलभन्दा गुणस्तरीय छ भनेर किन भन्ठान्नु हुन्छ ? तपाईंकै अनुभवले 'फलानो कम्पनीको २ चक्की सिटा-मोलको काम शाही औषधीको १ चक्कीले गर्छ' भन्छ।

तपाईंलाई किन नेपाल औषधी लिमिटेडको सिटामोल र अर्को कुनै निजीको पारासिटामोलमा फरक लाग्छ ? तपाईं हरेकको घरमा बा-आमा वा आफैं कुनै अमूक कम्पनीको ब्लडप्रेसर कम गराउने वा डायबि-टिजको औषधी खाइरहनु भएको होला नि।

अब नजिकको औषधी पसलमा जानूस् र विभिन्न ब्राण्डका ती औषधीको मुल्य के कस्तो हुनेरहेछ भनेर बुझ्नूस्। लगभग सबैको मुल्य एउटै हुँदोरहेछ भनेर जानीसकेपछि अब पसलेलाई फेरि भन्नूस्, 'रुजुन कम्पनीले तपाईंलाई सबैभन्दा धेर कमिसन दिन्छ, ।

मलाई त्यही कम्पनीको औषधी दिनूस् !' घर ल्याएर त्यही कम्पनीको उत्ति नै स्ट्रेन्थको औषधी अब आफू वा बा-आमालाई नियमित उपभोग गर्नूस्, गराउनूस् ! गर्नु हुन्छ ? नहिचकिचाउनूस् के, तपाईंले पहिला खाएको र अहिले पसलेको विवेकले वा उनलाई सबैभन्दा धेर कमिसन आउने कम्पनीको (तपाईंले मलाई फलानो ब्राण्डकै चाहिन्छ नभनी कम मार्जिन हुने औषधी त पक्कै कसैले बेच्दैन नि ? कि पसले बुद्ध बनिसके ? कि रामराज्य नै आइसक्यो विभागबाट प्रमाणित हुन्।

## 'पुँजीगत खर्च बढाउँदा अर्थतन्त्र चलायमान हुन्छ'



काठमाडौं/नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जन श्रेष्ठले पुँजीगत खर्च बढाउने सरकारको सकारात्मक पहलका रुपमा रहेको भन्दै यसले निजी क्षेत्र चलायमान हुने विश्वास व्यक्त गरेका छन्।

नेपाल जग्गा तथा आवास विकास संघद्वारा शनिवार आयोजित १९औं वार्षिक साधारणसभामा उनले आगामी आर्थिक वर्षको बजेटमा थोरै भए पनि पुँजीगत खर्च बढ्दा अर्थतन्त्र चलायमान हुने बताएका हुन्।

अध्यक्ष श्रेष्ठले बजेटले पूर्वाधार क्षेत्रको खर्च बढाउनु, आयकर घटाउनु, प्रविधिलाई जोड दिनु सकारात्मक पक्ष भएको प्रतिक्रिया दिए। उनले रोजगारीका लागि विदेश जानुपर्ने र उपभोग्य वस्तु ७० प्रतिशत विदेशबाट आयत गर्नुपर्ने अवस्थाको अन्त्य गर्नुपर्नेमा जोड दिएका थिए।

उनले बजेटले विदेशी नागरिकलाई लिजमा घर किन्न पाउने व्यवस्था गर्नु, व्यवस्थित सहरको कल्पना गर्नु यस क्षेत्रका व्यवसायीका लागि खुसीको विषय भएको उल्लेख गरेका छन्।

घरजग्गा व्यवसायको समस्यालाई समाधान गर्न महासंघ सदैव सकारात्मक भएर लाग्ने अध्यक्ष श्रेष्ठको भनाइ छ। उनले हदबन्दीको समस्या समाधानका लागि महासंघले सम्बन्धित निकायको ध्यानाकर्षण गरिसकिएको जानकारी दिए।

नेपाल जग्गा तथा आवास विकास महासंघका अध्यक्ष विष्णु प्रसाद घिमिरेले बजेटले एकीकृत सहरी पूर्वाधारको कल्पना गरेको भन्दै त्यसलाई महासंघले सकारात्मक रुपमा लिएको बताए। जग्गा हदबन्दी र कित्ताकाटलाई सरकारले अध्यादेशमार्फत अगाडि बढाउने उनले विश्वास व्यक्त गरे।

नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले मुलुकको समग्र अर्थतन्त्र सकारात्मक भएपनि लगानीको वातावरण नबन्दा समस्या परेको बताए। अर्थतन्त्र चलायमान बनाउनका लागि घरजग्गा व्यवसाय चलायमान हुनुपर्ने उनको भनाइ छ। उनले अर्थतन्त्र चलायमान बनाउन यस क्षेत्रमा देखिएका समस्या समाधानमा सरकार लाग्नुपर्नेमा जोड दिए।

नेपाल चेम्बर अफ कमर्शका वरिष्ठ उपाध्यक्ष दीपक मल्होत्राले लामो समयको अन्योलपछि स्थायी सरकार बनेको भन्दै यो सरकारसँग निजी क्षेत्र आशावादी रहेका बताए। घरजग्गा व्यवसायलाई माथि उकास्न सकेमात्र अन्य व्यवसाय अगाडि बढ्ने उनको भनाइ छ।

नयाँ सरकारले भौतिक पूर्वाधारको क्षेत्रमा करिब चार खर्ब बजेट विनियोजन गर्नु निजी क्षेत्रका लागि खुसीको विषय भएको उनले प्रतिक्रिया दिए।

नेपाल जग्गा तथा आवास विकास महासंघका संस्थापक अध्यक्ष मीनमान श्रेष्ठले विदेशी नागरिकले 'अपार्टमेन्ट' लिजमा किन्न पाउने सरकारको निर्णय सकारात्मक भएको बताए।

मुलुकको अर्थतन्त्र चलायमान बनाउने घरजग्गा व्यवसाय शिथिल बन्दै गएका आगामी आवको बजेटले सकारात्मक मार्ग देखाएको उनले प्रतिक्रिया दिए। संघका अध्यक्ष इन्जिनियर दीपक कुँवरले जग्गा हदबन्दीका कारण घरजग्गा व्यवसाय संकटमा परेको बताए।

उनले वि.सं. २०७६ सालदेखि लागू भएको जग्गा हदबन्दीसम्बन्धी व्यवस्थाले व्यवसायीलाई ठूलो मर्कामा परेको भन्दै यो समस्या सथाशीघ्र समाधान हुनेमा विश्वास व्यक्त गरे।

## रामायन'ले छोरीका लागि बदल्यो सोच



मुम्बई/बलिउड अभिनेता रणवीर कपूरले बहुप्रतीक्षित फिल्म रामायनमा भगवान् रामको भूमिका निर्वाह गर्ने क्रममा आफ्नो जीवनमा गहिरो परिवर्तन आएको बताएका छन्। उनले फिल्ममा काम गर्नु आफ्नो करिअर मात्र नभई जीवनकै परिभाषा बदल्ने अनुभव बनेको बताएका हुन्।

'टप म्यागजिन'सँगको अन्तर्वार्तामा रणवीरले 'रामायण'ले आफूलाई जीवन, त्याग, धर्म र क्षतिलाई हेर्ने दृष्टिकोणमा सका–रात्मक परिवर्तन ल्याएको बताए। 'यो मेरो करिअरलाई मात्र होइन, जीवनलाई परिभाषित गर्ने अनुभव बन्यो। रामायण र भगवान् रामको यात्रालाई बुझ्ने अवसरले मेरो जीवनमा धेरै सकारात्मक परिवर्तन ल्यायो। मेरा केही खराब बानीहरू परिवर्तन भए, मूल्य प्रणाली बदलियो र जीवनलाई हेर्ने दृष्टिकोण परि-पक्व बन्यो,' उनले भने।

रणवीरले फिल्ममा भगवान् रामजस्तो ऐतिहासिक र पूजनीय पात्रको भूमिका निर्वाह गर्न आफू योग्य छु कि छैन भन्ने शंका सुरुमा लागेको पनि स्वीकार गरे। तर, समयसँगै त्यो डर प्रेम, सम्मान र कृतज्ञतामा बदलिएको उनको भनाइ छ।

उनले आफ्नो छोरी राहा कपूरको जन्म र 'रामायन'मा काम गर्ने समय एकैसाथ परेको उल्लेख गर्दै त्यसलाई जीवनको सुन्दर संयोग बताएका छन्। 'राहाले मलाई राम्रो व्यक्ति बनाइन् र रामायणले राहाका लागि अझ राम्रो व्यक्ति बन्न सिकायो। सबै कुरा एकआपसमा जोडिएको थियो,' उनले भने।

## बराल घाइते भएपछि रोकियो 'सिन्दुरे जात्रा' छायांकन



काठमाडौं/फिल्म 'सिन्दुरे जात्रा'को छायांकन क्रममा अभिनेता विजय बराल घाइते भएका छन्। घोढचडीको दृष्य खिच्दा खसेर लडेपछि उनी घाइते भएका हुन्।

निर्देशक सरोज पौडेलका अनुसार अभिनेता बरालको दाहिने हात भाँचिएको छ। पर्वतको कुस्मा नगरपालिका १४ स्थित आर्थर डाँडाखर्कको छायांकन सेटमा गतसाता यस्तो दुर्घटना भएको हो।

पोखराको मेट्रो सिटी अस्पताल ल्याएर अहिले बरालको उपचार भैरहेको छ। विजय यो फिल्ममा मुख्य पात्रको रोलमा थिए। मुख्य कलाकार नै घाइते भएपछि निर्माण टोली छायांकन रोकेर काठमाडौंमा फर्किने तयारीमा छ।

निर्देशक पौडेलका अनुसार, अभिनेता बरालले स्वास्थ्य लाभ गर्नुपर्ने भएपछि असार मध्यपछि मात्र बाँकी छायांकन सुरु हुनेछ। अहिले ५० प्रतिशत छायांकन पूरा भएको जानकारी उनले दिए।

सारङ्गी फिल्म्सको प्रस्तुतिमा निर्माण भइरहेको यस चलचित्रमा विजय बराल, अञ्जना बराइली र विनोद न्यौपानेलगायतको मुख्य भूमिकामा छन्।

*काभा महिला भलिबलमा नेपाल पदकविहीन*

## नयाँ खेलाडीलाई एक्सपोजर मात्र




काठमाडौं/घरेलु कोर्टमा भएको काभा महिला च्याम्पियनसिपमा उपाधि जित्ने लक्ष्य राखेको नेपाल पहिलो पटक पदकविहिन बन्दा नयाँ खेलाडीका लागि अनुभव र एक्सपोजर लिने अवसर मात्र भयो। काभा महिला भलिबलमा नेपाल पदकविहीन, नयाँ खेलाडीलाई एक्सपोजर मात्र

काभा महिला भलिबल च्याम्पियन-सिपमा नेपाल तेस्रो स्थानको खेलमा भारतसँग पराजित हुँदै पदकविहीन बनेको छ। नेपालले काभा महिला भलिबलको इतिहासमा पहिलो पटक घरेलु कोर्टमै कुनै पनि पदक जित्न नसकेको हो। यसै प्रतियोगितामार्फत नेपाल पहिलो पटक एफआईभीबीको विश्व वरियतामा समावेश हुँदै ६१ औं स्थानमा रहन सफल भएको छ। १६

नेपालमा 'नेशनल भलिबल डे' मनाइने दिननै काभा महिला भलिबल च्याम्पियनसिप सुरु हुँदा नेपाली महिला भलिबल टोलीको लक्ष्य उपाधि जित्ने नै थियो। उपाधि जित्न नसकेपनि कम्तीमा शीर्ष तीनमा रहेर कुनै पदक जित्न सके त्यो उपलब्धि हुने आशा थियो।

तर १५ जेठमा च्याम्पियनसिप समपन्न हुँदा नेपाल शीर्ष ३ भित्र पनि पर्न सकेन। तेस्रो स्थानको लागि भएको खेलमा भारतसँग पराजित भएपछि नेपाल घरेलु कोर्टमै पदकविहीन भयो। भारतसँग नै पहिलो खेलमा पराजित हुँदै प्रतियोगिता सुरुवात गरेको नेपाल अन्तिम खेलमा भारतसँगै ३-१ को सेटमा पराजित भएर प्रतियोगिता सकायो।

नेपालले पछिल्लो सयम काभाको प्रतियोगितामा कुनै न कुनै पदक जित्दै आइरहेकोमा पहिलो पटक नेपालले कुनै पदक जित्न सकेन। यसले नेपाली टिम मात्र नभएर समग्र नेपाली भलिबल समर्थक र दर्शक पनि केही निराश बने। 'हाम्रो प्रदर्शन राम्रो भयो तर जुन हामीले अपेक्षा गरेको एउटा मेडल जित्नपर्छ भन्ने थियो त्यो सफल भएन। नेपाली भलिबल प्रेमीले राखेको अपेक्षा पूरा हुन सकेन। त्यसले दु:खी हुन सक्छ' नेपाली टोलीका प्रशिक्षक जगदिश भट्टले भने।

सन् २०२३ मा घरेलु कोर्टमा भएको काभा महिला च्यालेन्ज कपमा तेस्रो भएको नेपाल २०२४ मा भएको काभा महिला नेसन्स लिगमा दोस्रो बनेको थियो। त्यसअघि सन् २०१९ र २०२२ मा नेपालले बंगलादेशमा भएको एभिसी एसियन सिनियर महिला सेन्ट्रल जोन भलिबलमा अपराजित रहँदै उपाधि जितेको थियो।

सन् २०१९ मा नेपालमै भएको १३औं दक्षिण एसियाली खेलकुदमा महिला टिमले रजत जितेको थियो।

नेपालको यू-२० महिला टिमले पनि पछिल्लो समय काभाको जुनियर प्रतियोगिता खेल्दै कांस्य र रजत पदक जितिसकेको छ। तर यस पटक भने घरेलु कोर्टमै नेपालले पदक जित्न सकेन।

**वरियतामा समावेश, नतिजामा निराश :**


विश्व भलिबलको सर्वोच्च निकाय एफआईभीबीको विश्व वरियतामा मान्यता प्राप्त प्रतियोगिता भएको पनि यस प्रतियोगिताको विशेष महत्व थियो। प्रतियोगितामा पहिलो खेल खेलेपछि नै नेपाल एफआईभीबी वरियतामा समावेश हुनु, भारत भन्दा वरियतामा अघि रहनु र नेपाली भलिबल इतिहासमा पहिलो पटक विश्व वरियतामा मान्यता प्राप्त प्रतियोगिता नेपालमा आयोजना हुनु नेपाली भलिबलकै लागि सुखद क्षण बन्यो।

यसका लागि नेपाल भलिबल संघ र काभाको प्रयास सराहनीय रह्यो। माथि पुग्ने, एसिया कपमा छनोट हुने जस्ता लक्ष्य राखेपनि त्यो भने पूरा हुन सकेको देखिएन।









आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईंको मुल्यमा पाउनु हुनेछ। स्थान: रातोमाटे भोर्ले।
सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

### रुग्ण उद्योगबारे बजेटमा छैन योजना

### उद्योगी-व्यवसायी भन्छन् :

# मन्त्रीको भ्रमण नाटक !

सुनिता बिष्ट

यही जेठ ९ गते उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री गौरी कुमारी यादव हेटौंडा आइन्। हेटौंडा औद्योगिक क्षेत्रको स्थलगत निरीक्षण गर्दै रुग्ण हेटौंडा कपडा उद्योग सञ्चालनमा ल्याउन सरकारले पहल सुरु गरेको बताइन् । बिगत २५ वर्षदेखि बन्द रहेको हेटौंडा कपडा उद्योग र धरासायी बनेको हेटौंडा सिमेन्ट उद्योगको समेत निरीक्षण गर्दै उनले पुन: सञ्चालनका लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको बताइन्।

उद्योग मन्त्रीको हेटौंडा भ्रमण र इतिहासको पानामा सिमित हुन लागेका उद्योगहरुको सञ्चालनको विषयले हेटौंडाबासीको मनमा उत्साह थपियो। हरेक बजेटमा रुग्ण उद्योगहरु सञ्चालनमा ल्याउनका लागि केही बजेट विनियोजन हुँदै आएता पनि सुरुवात भने हुन सकेको थिएन । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकारले बन्द तथा जीर्ण अवस्थामा रहेका उद्योग-हरूलाई पुनर्जीवन दिने अपेक्षा स्थानीयवासीले गरेका थिए। उद्योग मन्त्रीको भ्रमणपछि हेटौंडाका चिया पसलदेखि सार्वजनिक स्थलमा बहससम्म उद्योग सञ्चालनको चर्चा चुलिएको थियो ।

तर, जेठ १५ गते सार्वजनिक गरिएको आगामी आर्थिक वर्षको बजेटमा ती उद्योगहरूको पुन: सञ्चालनका लागि कुनै ठोस योजना वा बजेट विनियोजन नदेखिएपछि हेटौंडाबासीको अपेक्षामा निराशा छाएको छ। अर्थमन्त्री स्वर्णिम वाग्लेले बजेट भाषणमार्फत् उद्योग पुन: सञ्चालनबारे स्पष्ट प्रतिबद्धता नजनाएपछि स्थानीयवासीले सरकार बाट राखेको आशा तुहिएको महसुस गरेका छन् ।

मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोदसिंह रानाभाटले सरकारले हेटौंडा कपडा उद्योगलाई उपेक्षा गर्नु दु:खको कुरा भएको बताए। बालेन सरकार आएपछि विभिन्न रुग्ण उद्योगहरु चलाउने भन्ने कुरा भएको थियो, सोहीअनुसार उद्योग मन्त्रीज्यु केही दिनअघि आएर अवलोकन पनि गर्नुभयो, अध्यक्ष रानाभाटले भने, 'मन्त्रीज्युले यहाँको वस्तुस्थितीको निरीक्षण गर्नुभएको कारण अब कपडा उद्योग चल्छ होला भन्नेमा हामी ढुक्क थियौं । तर, बजेटमा कहीँ कतै सम्बोधन गरेको पाइएन । उद्योग मन्त्रीभन्दा पहिला हाम्रा मवानपुरका माननीयज्युहरुले पनि अवलोकन गर्नुभएको थियो ।'

कपडा उद्योग सञ्चालनमा आए देशको अर्थतन्त्रमा टेवा पुग्ने बताउँदै अध्यक्ष रानाभाटले सरकारले प्राथमिकतामा राख्न पर्ने विषयलाई उपेक्षा गरिएको बताएका छन् । 'सरकारी कपडा उद्योग सञ्चालनमा आए विद्यालयहरुको पोशाक, सरकारी निजामती कर्मचारीको पोशाकदेखि प्रहरीलगायतले पोशाक प्रयोग गर्न सकिन्थ्यो, उनले थपे, 'हेटौंडाको मात्रै नभएर देशकै गौरवको उद्योगहरु सञ्चालन गर्न सरकारले तदारुकता देखाउला भन्ने आशा थियो। बजेटमा देख्न र सुन्न पाएनौं भित्री कार्यक्रममा राख्नुभएको रहेछ भने पछि थाहा पाइएला ।'

यता, बागमती प्रदेश उद्योग परिसंघका अध्यक्ष त्रिलोचन कडेँलले पनि सरकारले रुग्ण हेटौंडा कपडा उद्योग सञ्चालन गर्ने बजेट प्रस्तुत नगर्नु दुखको विषय भएको बताए। 'सरकारले भाषणमा चाहिँ सधैँ प्रयोग गऱ्यो, तर बजेटमा भने समावेश गराएन, अध्यक्ष कडेँलले भने, 'रुग्ण उद्योगहरुमध्ये पनि हेटौंडा कपडा उद्योगलाई पहिलो प्राथमिकता दिएर सञ्चालनमा ल्याउन पर्छ भनेर हामी पटक/पटक संघीय मन्त्रालय धायौं । उद्योग मन्त्रीले पनि पहिलो प्राथमिकतामा राखेको छौं भनेका थिए । तर बजेटमा कतै समावेश भएको पाइएन ।'

सरकारको वेवास्ताका कारण हेटौंडा कपडा उद्योग सञ्चालनमा आउँछ भन्नेमा हेटौंडाका व्यवसायीहरु ढुक्क नभएको अध्यक्ष कडेँल बताउँछन् । यो उद्योग चलाउन सकियो भने समग्र देशलाई नै फाइदा पुग्ने उनको दाबी छ । 'हिजो हामीले नै देखेका हौं, यो उद्योगका कपडाहरु कति माग धान्न गाह्रो हुनेगरी बिक्री भइरहेको थियो, उनले थपे, 'अहिले पनि नयाँ प्रविधिबाट चलाउन सकियो भने कपासको लागि अन्य मुलुको मुख ताक्नु पर्दैन। कपडा बिक्रीको लागि बजार खोज्न पर्दैन। पुरानो मेसिनलाई फेरेर नयाँ प्रविधिमार्फत् सञ्चालनमा ल्याउन सकिन्छ ।'

त्यसोत, हेटौंडा कपडा उद्योगमा २३ वर्ष मेकानिकको काम गरेका स्थानीयबासी प्रकाश पौडेलका अनुसार उद्योग मन्त्रीको भ्रमण नाटक मञ्चन जस्तो मात्रै भएको छ। उद्योग सञ्चालन गराउने सुर भए अध्ययन गराउने विज्ञटोली ल्याउन पर्नेमा मन्त्री र केही सांसद आउँदैमा सम्भव नहुने उनी बताउँछन् । 'रुग्ण बनेको उद्योग चलाउनको लागि प्रक्रियामै जानुपऱ्यो, हेरेर र बोलेर मात्रै केही हुँदैन, पौडेलले भने, 'हेर्ने कथामा आएको भिडियो देखेर उद्योग हेर्न आउनुभएको रहेछ। तर सञ्चालनका लागि न बजेट विनियोजन गरियो, न त कुनै स्पष्ट खाका नै तयार भए।'

बजेटमा गोरखकाली टायर उद्योगलगायत ६ वटा रुग्ण उद्योगको अध्ययन गरिने भन्ने उल्लेख गरिए पनि हेटौंडा कपडा उद्योगको विषयमा सरकारको धारण स्पष्ट नआउनु दुखद् भएको उनी बताउँछन्। नेपालको अर्थतन्त्रको सबल बनाउन हेटौंडा कपडा उद्योग सञ्चालनमा ल्याउन पर्ने पौडेलको भनाइ छ । हेटौंडालाई देश विदेशमा चिनाउने देखि मकवानपुरका हजारौं नाग-रिकलाई रोजगार प्रदान गरेको उद्योग सञ्चालनमा ल्याउन सके देशकै लागि हित हुने मकवानपुरका उद्योगी व्यवसायीहरुको भनाइ छ ।

२०३२ सालमा शिलान्यास भएको उद्योग चिनियाँ सरकारको सहयोगमा बनेको थियो । २०३५ साल माघ ५ बाट सञ्चालनमा आएको उद्योग कुनै समय मकवानपुरको मात्र नभएर देशकै शान थियो। हेटौंडा औद्योगिक क्षेत्रको मात्र नभएर देशकै ठूलो उद्योगबाट उत्पादन भएका सुती धागो, कोरा, रंगीन, बुट्टेदार र सेतो कपडा खरिद गर्न व्यवसायी तथा आम उपभोक्ताले तँछाडमछाड नै गर्थे ।

तर, २०५० तिर जब उद्योगमा राजनीतिले प्रवेश पायो तब उद्योगको दुर्गति सुरु भयो। ट्रेड युनियनको नाममा भएको राजनीति र सरकारमा जाने दलले आफ्ना नेता तथा कार्यकर्ता भर्तीकेन्द्र बनाउँदा नाफामा रहेको उद्योग २०५७ सालसम्म आइपुग्दा पूर्ण बन्द भयो ।

सरकारले २०५७ साल माघ १८ गते उक्त उद्योग बन्द गर्ने निर्णय नै गऱ्यो। २०५९ सालमा सर कारले उद्योग खारेजीको प्रक्रिया अघि बढाएको थियो। उद्योगमा त्यसताका करिब १५ सय व्यक्तिले प्रत्यक्ष रोजगारी पाएका थिए।

# प्रधानन्यायाधीशलाई परिषद् अध्यक्ष राख्ने प्रस्ताव सर्वोच्चद्वारा अस्वीकार

सन्देश संवाददाता




काठमाडौं/प्रधानन्यायाधीश लाई नि:शुल्क कानुनी सहायता परिषद्को अध्यक्षमा राख्ने सरकारको प्रस्ताव सर्वोच्च अदालतको 'फुलकोर्ट'ले ठाडै अस्वीकार गरेको छ । सर्वोच्चका सम्पूर्ण न्यायाधीश संलग्न फुलकोर्ट बैठकबाट प्रधानन्यायाधीश परिषद्को अध्यक्ष बस्दा विवादमा पर्न सक्ने निष्कर्षसहित अस्वीकार गरिएको हो। सरकारको प्रस्ताव अध्ययन गर्न सर्वोच्चका तीन न्यायाधीश संलग्न उच्चस्तरीय समिति समेत गठन गरिएको थियो ।

संविधानले प्रत्याभूत गरेको समानता र न्यायको हक कार्यान्वयन गर्न भन्दै सरकारले नयाँ एकीकृत कानुन ल्याउँदैछ। कानुनी सहायता प्रणालीलाई एकद्वार बनाउने उद्देश्य पनि सरकारको छ । नयाँ 'नि:शुल्क कानुनी सहायतासम्बन्धी ऐन'मा विपन्न र असमर्थ पक्षका निम्ति नि:शुल्क कानुनी सहायता व्यवस्थित गर्ने भनिएको छ। यसनिम्ति मस्यौदा पठाएर सर्वोच्चसँग राय मागिएको थियो ।

सर्वोच्चले प्रधानन्यायाधीश परिषद् अध्यक्षमा नबस्ने जनाउ सहित सरकारलाई 'तीन महल'को लिखित राय पठाएको छ। परिषद्को कार्यकारी समितिमा कानुनमन्त्रीलाई अध्यक्षमा राख्ने सरकारको प्रस्ताव समेत सर्वोच्चले अस्वीकार गरेको सर्वौच्च श्रोतले बताएको छ ।

स्रोतका अनुसार, कानुनी सहायता परिषद् अध्यक्षमा प्रधानन्यायाधीशले तोकेका सर्वोच्चका न्यायाधीश राख्ने प्रस्ताव सरकारसमक्ष गरिएको छ । परिषद् उपाध्यक्षबाट कानुनमन्त्रीलाई झिक्न राय दिइएको छ। प्रधानन्यायाधीशले तोकेका न्यायाधीश अध्यक्ष बस्दा मर्यादाक्रममा कानुनमन्त्री माथि हुने भएकाले बस्न नमिल्ने राय सर्वोच्चले दिइएको हो ।

सरकारले परिषद्को अध्यक्षमा प्रधानन्यायाधीश र उपाध्यक्षमा कानुनमन्त्री रहने प्रस्ताव गरेको छ। साथै, परिषद् सदस्यमा महान्याया-धिवक्ता, सर्वोच्चका मुख्य रजिष्ट्रार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (कानुन), अर्थ मन्त्रालयका सचिव, सातै प्रदेशका मुख्य न्यायाधिवक्ता र नेपाल बार एसोसिएसनका अध्यक्ष रहने प्रस्ताव गरिएको छ । परिषद्को सदस्य सचिवमा सर्वोच्चका रजिस्ट्रार रहने भनिएको छ। सर्वोच्चले भने व्यापक हेरफेरसहित राय दिएको छ ।

यसबाहेक मस्यौदामा व्यवस्था गरिएको भिन्नै कार्यकारी समितिको अध्यक्षबाट कानुनमन्त्री झिक्नुपर्ने रायसमेत सर्वोच्चको छ। कार्यकारी समितिको अध्यक्षमा कानुनमन्त्रीको सट्टा सर्वोच्चका मुख्य रजिष्ट्रार राख्नुपर्ने फुलकोर्टको राय छ ।

सर्वोच्चका अनुसार, समितिको अध्यक्षमा मुख्य रजिष्ट्रार राख्दा कानुनमन्त्री स्वत: हट्ने अवस्था सिर्जना हुन्छ । सर्वोच्चले विधेयक मस्यौदामा रहेको एकीकृत वैतनिक कानुन व्यवसायी नि:शुल्क सहायताको रकम सरकारको कोषमा राख्न नहुने रायसमेत दिएको छ ।

"वैतनिक कानुन व्यवसायीको रकम सर्वोच्च र मातहतका अदालतको जिम्मामै छाडिनुपर्ने सर्वोच्च फुलकोर्टको राय छ," स्रोतले भन्यो, "वैतनिकको अरू पैसा भने कोषमा राख्न सहमति दिइएको छ ।"

पीडित र असमर्थ वर्गलाई सुनुवाइका निम्ति राखिने अदालतका वैतिक कानुन व्यवसायीको नियुक्ति पनि यस्तो परिषद्बाट गर्न नहुने राय सर्वोच्चको छ । "कानुनमन्त्री नेतृत्वको परिषद्बाट वैतनिक कानुन व्यवसायी नियुक्त हुने भन्ने प्रस्ताव थियो । तर, सम्बद्ध अदालतकै जिम्मामा हुनुपर्छ भनिएको छ," स्रोतले भन्यो ।

नि:शुल्क सहायता कोषमा कानुन मन्त्रालयको 'कमान्ड' हुने प्रस्तावमा पनि सर्वोच्च असहमत छ। यस्तो कोष न्यायसँग सम्बन्धित हुने भएकाले अदालतको हातमाथि हुनुपर्ने 'लाइन'मा फुलकोर्ट राय छ । नि:शुल्क कानुनी सहायता उपलब्ध गराउन केन्द्रमा भिन्नै कोष रहने व्यवस्था मस्यौदामा छ। यस्तो कोषमा नेपाल सरकारबाट पैसा, कोही स्वदेशी/विदेशी व्यक्ति, संस्था वा निकायले सहयोगका रूपमा दिएको र अरू कुनै स्रोतबाट प्राप्त रकम जम्मा हुनेछ । तर, यस्तो र कम प्राप्त गर्नुअघि अर्थ मन्त्रालयको सहमति अनिवार्य गरिएको छ ।

सरकारले प्रधानन्यायाधीश नेतृत्वको परिषद्बाट तय हुने नीतिगत निर्णय र निर्देशनमा रही नि:शुल्क कानुनी सहायतासम्बन्धी कार्यकारी कार्य गर्न कानुनमन्त्रीको अध्यक्षतामा भिन्नै समिति प्रस्ताव गरेको छ । कानुनमन्त्री समितिको अध्यक्ष हुँदा सचिवालयसमेत मन्त्रालयमै खडा हुने अवस्था थियो ।

सरकारको प्रस्तावानुसार कानुनमन्त्री नेतृत्वको कार्यकारी समितिमा कानुन मन्त्रालयका सचिव, सर्वोच्चका रजिस्ट्रार, नायब महान्यायाधिवक्ता, राष्ट्रिय महिला आयोगका सचिव, नेपाल बारका महासचिव र कानुन मन्त्रालयको महाशाखा प्रमुख (सहसचिव) सदस्यसचिव रहने व्यवस्था छ ।

फुलकोर्टले भनेअनुसार कार्यकारी समितिबाट कानुनमन्त्रीको व्यवस्था झिकिएपछि अध्यक्ष मुख्य रजिस्ट्रार हुने र सचिवालय पनि सर्वोच्चमै रहने स्थिति हुन्छ ।

सर्वोच्चले सरकारको प्रस्ताव अध्ययन गरी फुलकोर्टमा पेस गर्न न्यायाधीश सुनीलकुमार पोखरेलको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरेको थियो। समिति सदस्यमा न्यायाधीश बालकृष्ण ढकाल र नृपध्वज निरौला थिए भने सदस्य सचिवमा सहरजिस्ट्रार सूर्यवंश कंडेल थिए ।

पोखरेल समितिको अध्ययन प्रतिवेदन फुलकोर्टले पारित गरी सरकारसमक्ष पठाइसकेको छ । "विधेयक मस्यौदाबारे सर्वोच्चको फुलकोर्टबाट पारित भई रायसुझाव प्राप्त भएको छ । मन्त्रालयबाट अध्ययन हुँदैछ, छलफलकै क्रममा छ," कानुन मन्त्रालयका सचिव पारास्वर ढुंगानाले भने ।

नेपालको संविधानको धारा १८ मा सबै नागरिक कानुनको दृष्टिमा समान हुने सुनिश्चिता छ। धारा २० मा कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने भन्दै असमर्थ पक्षलाई नि:शुल्क कानुनी सहायताको 'ग्यारेन्टी' गरिएको छ ।

न्यायमा सबैको सहज पहुँच सिर्जना गर्न कानुनी सहायतासम्बन्धी विद्यमान कानुनलाई संशोधन र एकीकरण गर्न वाञ्छनीय भएको सर कारको भनाइ छ। संघीय संसद्बाट नयाँ कानुन बनाउने प्रयोजनका निम्ति सरकारले नि:शुल्क कानुनी सहायतासम्बन्धी ऐनको ड्राफ्ट तय गर्दै सर्वोच्चसँग रायसुझाव मागेको थियो ।

नयाँ बनाइँदै गरेको नि:शुल्क कानुनी सहायतासम्बन्धी ऐनको परिच्छेद ३ मा राष्ट्रिय कानुनी सहायता परिषद् गठनको प्रावधान राखिएको छ। त्यसले नि:शुल्क कानुनी सहायतालाई सहज तथा प्रभावकारी रूपमा उपलब्ध गराउन नीतिगत मार्गदर्शन गर्ने भनिएको छ । परि-षद्लाई नि:शुल्क कानुनी सहायतासम्बन्धी एकीकृत कार्यक्रम तथा कार्ययोजना स्वीकृत गर्ने जिम्मेवारी पनि तोकिएको छ ।

समितिहरू सातै प्रदेश र ७७ वटै जिल्लामा रहने भनिएको छ । केन्द्रीय परिषद्ले प्रदेश र जिल्ला समितिका काम-कारबाहीको रेखदेख, नियन्त्रण गर्ने र आवश्यकताअनुसार निर्देशन दिने, नि:शुल्क कानुनी सहायतासम्बन्धी कार्यका निम्ति आर्थिक स्रोतको व्यवस्थापन र बजेट पारित तथा मापदण्ड निर्धारण गर्नेछ।

# चित्लाङ-थानकोट सडक आजदेखि दुई साता बन्द



सन्देश संवाददाता

हेटौंडा/हेटौंडा-काठमाडौं जोड्ने छोटो दुरीको चित्लाङ-थानकोट सडकमार्गमा आइतबारदेखि सवारी साधन आवागमन बन्द गरिने भएको छ ।

चित्लाङ-थानकोट मार्ग (गणेशमान मार्ग) निर्माण सुधारका क्रममा जेठ १७ गतेदेखि ३० गतेसम्म अर्थात् १४ दिनसम्म सवारी साधनको आवागमन बन्द गरिने भएको हो । निर्माण कम्पनीबाट सडक ढलान, कालोपत्र, टेवा पर्खाल निर्माणलगायतका निर्माण कार्य गर्न सवारी साधनको आवागमन बन्द गर्न लागेको सडक डिभिजन काठमाडौंले जनाएको छ ।

थानकोट-चित्लाङ सडक निर्माण सुधार कार्य सञ्चालन भइ-रहेको र उक्त सडकखण्डको भौगोलिक अवस्थाका कारण निर्माणस्थल हुँदै सवारीसाधनहरु आवतजावत गर्दा निर्माण कार्यमा अवरोध पुग्ने र दुर्घटनाको जोखिम समेत बढ्ने भएकोले सवारी आवागमन बन्द गरेर काम गर्न लागेको सडक डिभिजन काठमाडौंका इन्जिनियर पुरुषोत्तम भण्डारीले जानकारी बताए। 'कालोपत्र र ढलान गरी करिब साढे सात किमि सडक खण्डमा काम हुने छ,' उनले भने ।

टेवा पर्खाल निर्माण, कालोपत्र र ढलान हुने भागमध्ये मकवानपुर तर्फ करिब १९ सय मिटर र बाँकी काठमाडौंतर्फको खण्डमा काम हुने छ । निर्माण कम्पनीमार्फत् तीन-चार स्थानमा टेवा पर्खाल निर्माण र १२ सय मिटर ढलान गरिनेछ । सडक स्तरोन्नतिका क्रममा काठमाडौंको पानीघट्टदेखि मकवानपुर को चित्लाङ बजारसम्मको सडक खण्ड पूर्णरुपमा सडक बन्द हुने भएको छ । उक्त अवधिमा सवारी आवागमनका लागि वैकल्पिक बाटो प्रयोग गर्ने गरी आवश्यक सहजीक-रण गरिदिन थाहा नगरपालिका र चन्द्रागिरी नगरपालिकालाई सडक डिभिजन काठमाडौंले आग्रह गरेको छ ।

शनिबारदेखि हेटौंडा-कुलेखानी-फाखेल-फर्पिङ सडकमा पनि सवारी साधन आउजाउ गर्न रोक लगाइएको छ । कुलेखानी-फाखेल सडक खण्डको महालक्ष्मी खोलामा निर्माणाधीन पुल र पुलको पहुँच मार्गमा ढलान गर्नुपर्ने भएकाले एक महिनाका लागि उक्त सडकमा सवारी साधन आउजाउ गर्न रोक लगाएको हो ।

हेटौंडाबाट काठमाडौं आउजाउ गर्ने छोटो दुरीको वैकल्पिक मार्ग कुलेखानी-सिस्नेरी-दक्षिणकाली सडक खुला रहेको छ । छोटो दुरी भएर आउजाउ गर्ने सवारी साधनहरु कुलेखानी-सिस्नेरी-दक्षिणकाली प्रयोग गर्नु पर्ने हुन्छ ।

# योगी नरहरिनाथ आश्रममा धर्मशाला : मुख्यमन्त्री



सन्देश संवाददाता

भरतपुर/बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले आँपटारीस्थित योगी नरहरिनाथ आश्रम, वागीश्वरीमा सुविधासम्पन्न धर्मशाला निर्माण गरिने बताएका छन् । आफ्ना दुई मन्त्रीसहित शनिबार कोटिहोम महायज्ञको दर्शन गर्न महामन्त्री बानियाँ पुगेका थिए। शुक्रबार प्रधानसेनापति अशोकराज सिग्देलले पनि महायज्ञको दर्शन गर्नुका साथै पूजाअर्चना गरेका थिए।

'देशविदेशबाट आउने धार्मिक भक्तजनहरु पनि बस्न मिल्ने खालको लिफ्टसहितको धर्मशाला निर्माण गर्नुपर्नेछ । कथा प्रवचन गर्नका लागि एउटा राम्रो भवनको पनि अभाव रहेछ । यति राम्रो आध्यात्मिक क्षेत्र छ, यसको समग्र विकास गर्न आउँदो बजेटमा बागमती प्रदेश सरकारले विशेष व्यवस्था गर्नेछ', मुख्यमन्त्री बानियाँले भने ।

उमेर, शक्ति र पद सधैँ नरहने बताउँदै उनले धार्मिक पर्यटन प्रवर्द्धनका लागि प्रदेश सरकारले सक्दो काम गर्ने बताए । 'देवघाट नजिकैछ, मर्ने बेलामा कात्रोमा खल्ती पनि हुँदैन । यो विचार गरेर तपाईंहरुले ध्यान दिनुहोला, प्रदेश सरकारले पनि ध्यान दिनेछ', उनले भने । सनातनी परम्परा र संस्कृतिको संरक्षण गर्न महायज्ञले ठूलो भूमिका खेल्ने उनले बताए।

वागीश्वरीलाई धार्मिक पर्यटकीयस्थलका रुपमा विकास गर्ने उद्देश्यले प्रदेश सरकारले यहाँको पूर्वाधार विकासमा दुई करोड रूपैयाँ खर्चिसकेको उनले बताए । धार्मिक आस्थाकै कारण योगी नरहरिनाथको तपोभूमिमा आफूहरु आएको भन्दै उनले भारतको प्रयागराजभन्दा देवघाटधाम धेरै पुण्यभूमि रहेको बताए । मुख्यमन्त्रीसँगै बागमती प्रदेशका पर्यटन तथा संस्कृतिमन्त्री सुरेश श्रेष्ठ र सहकारी तथा गरिबी निवारणमन्त्री विनु रायमाझी पौडेल पनि पुगेका थिए । मन्त्री पौडेल योगी नरहरिनाथ आश्रमको सदस्य पनि हुन् ।

कोटिहोम महायज्ञमा शनिबारदेखि भजन प्रतियोगिता सुरू भएको छ । प्रतियोगिताको पहिलो दिन पाँचवटा समूह सहभागी भए । पाँचमध्ये तीनवटा समूह फाइनलका लागि छनोट भए । प्रतियोगितामा सहभागी हुनका लागि ३८ वटा समूहले नाम टिपाएको संयोजक अर्जुन सापकोटाले जानकारी दिए। प्रतियोगिताको फाइनल यही जेठ ३० गते हुनेछ ।

प्रतियोगितामा हरेक दिन पाँच-पाँचवटा टिमको भजन प्रस्तुति हुनेछ। त्यसमध्येबाट उत्कृष्ट तीन-तीनवटा टिमलाई फाइनल राउन्डमा लगिने उनले बताए। प्रतियोगितामा प्रथम हुने टिमले २० हजार, दोस्रो हुने टिमले १५ हजार, तेस्रो हुने टिमले १० हजार र सान्त्वना हुने दुई टिमले ७/७ हजार रूपैयाँ प्राप्त गर्नेछन्। सहभागी टिमले प्रमाणपत्र र खैँजडी उपहार पाउनेछन् ।

राष्ट्रशान्ति र विश्वशान्तिको कामना गर्दै गत वैशाख १७ गतेदेखि सुरू भएको श्रीशिवगोरक्ष योगीनरहरिनाथ साङ्ग कोटिहोम महायज्ञ आगामी असार १३ गते सम्पन्न हुनेछ । नौ वर्षमुनिका एक हजार आठ बालिकाको सामूहिक पूजन आगामी असार ६ गते र पाँचसरे सवा करोड दीप प्रज्वलन असार ८ गते गर्ने तय भएको महायज्ञ संयोजक एवम् मुख्यकर्ता प्रेमनिधि भारद्वाजले जानकारी दिए ।

महायज्ञमा प्रमुख वाचक ज्योतिष पण्डित परशुराम पाण्डेयले भागवत कथा वाचन गर्दैछन् ।

# लागुऔषधसहित विभिन्न स्थानबाट १९ जना पक्राउ



सन्देश संवाददाता

काठमाडौं/प्रहरीले अवैध लागुऔषधसहित विभिन्न स्थानबाट १९ जना पक्राउ गरेको छ । प्रहरी प्रधान कार्यालयका अनुसार काठमाडौं महानगरपालिका-२६ गोँगबु मित्रनगरबाट अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ छ ग्राम ४४० मिलिग्राम र डिजिटल तराजु एक थानसहित दुई जनालाई शनिबार प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने ४६ वर्षीय अर्जुनबहादुर भुजेल र सोही महानगरपालिका-२६ लैनचौर घर भएका २७ वर्षीय सञ्जय गुरूङ रहेका छन् । प्रहरी प्रभाग गोँगबुबाट खटिएको प्रहरीले अर्जुनको घर तलासी गर्दा उक्त पदार्थ फेला पारी निजहरूलाई पक्राउ गरेको हो ।

काठमाडौं महानगरपालिका-६ रामहिटीबाट नियन्त्रित लागुऔषध डाइजेपाम १४० एम्पुल, बुप्रेनोर्फिन १०९ एम्पुल, फेनारगन १३४ एम्पुल र नगद रु १७ हजार ७०० सहित कागेश्वरी मनोहरा नगरपालिका-५ थली बस्ने सिन्धुली घर भएका २९ वर्षीय सुजन लामालाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

प्रहरी वृत्त बौद्धबाट खटिएको प्रहरीले बा प्र ०२-०२८ प ४४७७ नम्बरको स्कुटरमा सवार उनलाई उक्त लागुऔषधसहित पक्राउ गरेको हो । त्यसैगरी दाङ, पर्सा, कैलाली, कञ्चनपुर, सुनसरी र बाँके जिल्लाबाट प्रहरीले पक्राउ गरेको छ। त्यसैगरी प्रहरीले इन्टरपोलबाट रेड नोटिस जारी भएका फरार व्यक्ति पक्राउ गरेको छ।

# ३१ जनालाई कौसी खेती तालिम




सन्देश संवाददाता

**हेटौंडा/ हेटौंडा उपमहानगर पालिका-१० वडा समितिको कार्यालय र तरंग सांस्कृतिक परिषद्को सहकार्यमा हेटौंडा-१० भित्र रहेका टोल विकास समितिका ३१ जना महिला-पुरुष सदस्यका लागि कौसी खेती तथा उद्यमशीलता तालिम प्रदान गरिएको छ ।**

**तालिम समापन कार्यक्रममा प्रमुख अतिथि वडा अध्यक्ष फुर्वा दोर्जे तामाङले बढ्दो जलवायु परि-वर्तनको चुनौती, सहर केन्द्रित बढ्दो जनसंख्या, रोजगारीको समस्या, घट्दो कृषि उत्पादन तथा विषादीयुक्त वस्तुको उपभोगका कारण उत्पन्न हुने स्वास्थ्य समस्यालाई न्यूनीकरण गर्न कौसी खेती उपयोगी हुने बताएका छन्। उनले सहरमा उपलब्ध सीमित स्थानको उच्चतम सदुपयोग गर्दै कौसी खेतीमार्फत परिवारको पोषणमा समेत योगदान पुग्ने धारणा व्यक्त गरे ।**

**समापन समारोहका अध्यक्ष तथा परिषद्का कोषाध्यक्ष ईन्द्रप्रसाद नेपालले स्थानीय सरकारको सहयोगमा सञ्चालन गरिएको तालिम उपलब्धिमूलक भएको बताए । तालिमका सहभागीहरूको स्वमूल्यांकनको नतिजाबाट कार्यक्रम प्रभावका-री रहेको स्पष्ट भएको उल्लेख गर्दै उनले आगामी आर्थिक वर्षको योजनामा समेत यस्ता कार्यक्रमलाई प्राथमिकतामा राख्न वडा कार्यालय लाई आग्रह गरे । साथै कार्यक्रम सञ्चालनमा सहयोग गर्ने सबैप्रति धन्यवाद व्यक्त गरे ।**

**तालिमका संयोजक प्रद्युम्न उपाध्यायले आधुनिकिकरणासंगै प्रविधिप्रति अत्यधिक लगाव भएका बालबालिका, परिवार र समाजबीच सामाजिकरण तथा प्रकृतिप्रेम अभिवृद्धिका लागि पनि कौसी खेती महत्वपूर्ण रहेको बताए । उनले सहभागीहरूसंगको छलफलमा कौसी खेतीले परिवार र समाजलाई प्रकृतिसंग जोड्ने भूमिका खेल्ने धारणा राखेका थिए।**

**कार्यक्रममा वडाअध्यक्ष लामा, वडा सदस्य ईश्वर मैनाली तथा परिषद्का ईन्द्र नेपालले सहभागी-हरुलाई बिउ, मल र गमला हस्तान्त-रण गरेका थिए। उनीहरूले वडामा कौसी खेती उदाहरणीय कार्यक्रमका रूपमा विकास हुने विश्वास व्यक्त गरेका थिए।**

**तालिमकी सहजकर्ता राधा कोइरालाले कौसी खेतीका लागि उपयुक्त तरकारी तथा फलफूलका प्रकार, मल, बिउ, सिजन, जैविक किटनाशक विधि तथा ग्राफ्टिङ्ग सम्बन्धि प्राविधिक विषयमा सहजीक-रण गरेकी थिइन्। सहजीकरणाका लागि परिषद्का नेपालले धन्यवाद व्यक्त गरेका थिए।**

**कार्यक्रममा सहभागीहरुले तालिमबाट प्राप्त सीप र ज्ञानलाई व्यवहारमा लागू गर्ने प्रतिबद्धता जनाएका थिए। तालिमको परिणाम र कौसी खेतीको अवस्थाबारे वडा समितिको कार्यालय र परिषद्को संयुक्त अनुगमन गरिने जानकारीसमेत सहभागीहरुलाई गराइएको थियो ।**

## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं।
सदाझै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं।

